# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल बहुल भाषा, संस्कृति, धर्म तथा बहुजातीय राज्य हो । राष्ट्रिय जनगणना, २०५८ अनुसार १०१ जातजाति, ९२ प्रकारका भाषासहितको विविधतायुक्त विशेषता भएको राष्ट्र नै नेपाल हो । यसमा सुखद् कुरा के हो भने यसरी विविध जातजाति, भाषाभाषी तथा धार्मिक सम्प्रदाय रहेको देश नेपाल भए तापनि आजसम्म "हामी सबै नेपाली हौं" भन्ने भावना सबैमा रहेको कारणले जातीय दङ्गा तथा धार्मिक युद्ध नभई "राष्ट्रिय एकता" कायम रहेको छ । यस एकतालाई कायम राखिराख्न अब राज्यद्वारा सबैमा समानताको न्यायिक व्यवहार अवलम्बन गरिनुपर्दछ ।

नेपालमा रहेका १०१ जातजातिका आ-आफ्नै भाषा, धर्म, संस्कृति, संस्कार तथा सामाजिक संरचना भएको पाइन्छ । यसमा मूलरुपमा चार वर्णाश्रमभित्र पर्ने जात र नपर्ने जाति देखिन्छ । चार वर्णाश्रमभित्र पर्ने जात अन्तर्गत माथिल्लो/उच्च तथा तल्लो/नीच जातमा विभाजित भएको पाइन्छ, जसमा उग्ररुपको जातीय विभेद देखिन्छ । यस जात समूहअन्तर्गत दलित (कथित) जाति पर्दछन् । जात समूहमा धर्म, भाषा तथा संस्कृति एउटै भए तापनि धार्मिक व्यवहारमा विभेद गरिएको पाइन्छ । दलितलाई पानी नचल्ने जाति भनेर सामाजिक रुपमा पनि "अछुत" मान्ने रुढीवादी परम्परा अद्यापि समाजमा विद्यमान छ । तर मात्र भावनात्मक रुढीवादीताको बनावट, संस्कारगत व्यवहार पनि समान देखिन्छ । तर मात्र भावनात्मक रुढीवादीताको कारणले उंचनीच समूहमा विभाजित भई समाजमा भेदभावपूर्ण मानवीय व्यवहार हुंदै आएको देखिन्छ । वास्तवमा २१औं शताब्दीमा "जातीय भेदभाव" हुनु ज्यादै लज्जास्पद तथा अमानवीय कुरा हो । अर्थात मानव-मानवबीच जातीय विभेद गरिनु मानवसमाजलाई नै नसुहाउने एक कलङ्क मान्नुपर्दछ । यस प्रकारको विभेदलाई संयुक्त राष्ट्र संघ ९ल्ङ० ले "सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ को आधारमा जनवरी ४, १९६९ देखि लागू गरी भेदभावको अन्त्य गरेको छ । यस महासन्धिलाई

नेपालले विनाकुनै शर्त जनवरी ३०,१९७१ मा अनुमोदन गरिसकेको छ । यसैगरी नेपालमा मुलुकी ऐन, २०२० द्वारा कानुनीरुपमा जातीय भेदभावलाई हटाइए तापनि व्यवहारमा प्रयुक्त हुन सकेको पाइदैन । यसरी कानून वा महासन्धिहरुमा भेदभाव उन्मूलन गर्ने जस्तोसुकै प्रावधान राखिए तापनि व्यवहारमा अद्यापि पूर्ण परिवर्तन आइनसकेको अवस्था छ । *(राई, २०६४)*

बैदिक कालमा आर्यहरूले ब्राम्हण, क्षेत्री र वैश्य गरी तीन वर्णको सृजना गरे । ब्राम्हण र क्षेत्रीको आपसी मतभेद र कलहको कारण चौथो वर्ण शुद्र निर्माण भयो । आफ्नो वर्चश्व कायम गर्न सकियोस् र दुश्मनलाई कमजोर पार्न सकियोस् भनी ब्राम्हणले जातपात र छुवाछुतको अचुक अस्त्र निमार्ण गरे । *(इन्सेक -२०५३)* ।

ऋगवेदमा चार वर्ण बाहेक अरु जात वा अछुत प्रथाको उल्लेख भएको पाइदैन । यहि वर्ण शब्दको अर्थ रङ्ग हो तर पछि यो शब्दले रङ्गको अर्थ दिन छाडी श्रमविभाजनको अर्थ दिदै आएको कुरा स्पष्ट हुन्छ ।

ऋगवेदको ऋचाको रचना अनुसार श्रमविभाजनका आधारमा चार वर्णको श्रम विभाजन गरिएको छ ।

| | | |
|---|---|---|
| ब्राम्हण | : | पुरोहित ज्ञान शिक्षा (बौद्धिक र धार्मिक) |
| क्षेत्रीय | : | सैनिक, शासकीय (राजनीति) |
| वैश्य | : | पशुपालन, खेती व्यापार (श्रम) |
| शुद्र | : | श्रम, शिल्पकारी सेवा (श्रम) |

माथि उल्लेख भएका चार वर्णका मानिसहरूले कुनै पनि काम फेरबदल गर्न सक्थे र काम अनुसारको योग्यता हासिल गरेपछि बैश्य र शुद्र पनि माथिल्लो वर्णकोसम्मान पाउनसक्थे । श्रमको आधारमा वर्णको फेरवदल हुन सक्थ्यो *(दलित आयोग, २०६०)* ।

केही विद्वानले यो प्रथा मानव जातिको आदिम उत्पत्तिसंगै प्रादुर्भाव भयो भन्ने तर्क गर्छन् । आदिम समाजमा जातपातको कुरा नभएको कुरा हिन्दुहरूको सुप्रसिद्ध ग्रन्थ महाभारतले बताउँछ ।

नेपालमा लिच्छवी वंशको शासनकाल देखि भारतीय महाद्वीपबाट जातीय प्रणालीको प्रवेश भएको पाइन्छ । प्रथम लिच्छवी राजा सुपुष्पले हिन्दु वर्णाश्रम धर्मको आधारमा हिन्दु धर्मको संरक्षण गर्ने नाममा तत्कालिन समाजलाई चारवर्णमा विभाजन गरेको पाइन्छ । *(विश्वकर्मा ,२०६१)* ।

नेपालको इतिहासमा मल्लकालिन राजा जयस्थिति मल्ल आफू शक्तिमा आएपछि वर्णाश्रम व्यवस्था र हिन्दू धर्म बचाई राख्ने नाममा विभिन्न सुधारहरू गर्ने क्रममा ५ जना ब्राम्हणको सहयोगमा तयार गरिएको मानव न्यायशास्त्रको आधारमा शुद्रलाई समाजको तल्लो तहमा राखी पानी नचल्ने समेत बनाई सामाजिक विभेदको सुरुवात गरेको देखिन्छ । जात अनुसारको कामको व्यवस्था गरे । जातीय विभाजन अनुसार समाजिक व्यवहार, व्यवसाय नगर्नेलाई जात अनुसारको दण्ड सजाय गर्ने व्यवस्था गरे *(राष्ट्रिय दलित आयोग , २०६०)* ।

पशुपालन र कृषिमा आधारित अर्थ व्यवस्थाको विकासक्रममा सुविधा भोगी र सुविधा विहीनहरूका बीचमा अलग अलग स्तर देखापर्‍यो । यसलाई वर्ण व्यवस्था नामको एक खास योजनाद्वारा स्थायित्व दिने कुटील चाल रचियो । प्राचीन भारतमा लागू भएको वर्णाश्रम व्यवस्थामा वर्ग विभाजन नै थियो । त्यसैले सुरुमा वर्ग र वर्ण व्यवस्थामा खासै भिन्नता नभएको र पिछडिएको वर्ग नै कालान्तरमा “दलित” बन्न पुगेका पाइन्छ *(महत ,२०५५)* ।

वि.सं. १९१० सालमा राजा सुरेन्द्र विक्रम शाहको शासन कालमा जंगबहादुर राणाद्वारा लागू गरिएको लिखित तथा संहिताकृत कानून मुलुकी ऐनको माध्यमबाट चरम विभेदीकरण गरी राज्यका सम्पूर्ण क्षेत्र, तह र सुविधाबाट बञ्चित गरियो *(दलित आयोग ,२०६१)* ।

यसरी जंगबहादुरले लागू गरेको १९१० को मुलुकी ऐनले पनि पानी चल्ने र नचल्ने वा छुन हुने र नहुने जातमा वर्गीकण गरी जातीय प्रथालाई कानूनी मान्यता प्रदान गर्‍यो । जातकै आधारमा समान अपराधमा असमान दण्ड दिने पनि कानूनी व्यवस्था गरियो । बृहत नेपाली शब्दकोषमा दलितको अर्थ “समाजमा हक, इज्जत र प्रतिष्ठा समानरुपले पाउन नसकेको जाति वा समुदाय, समसामयिक व्यवस्थाको असमानताले सोसिएको र पछि परेको समुदाय” भनी उल्लेख गरेको छ *(बृहत नेपाली शब्दकोष,२०४०)* ।

राष्ट्रिय दलित आयोगको स्मारिका २०६१ मा दलितको परिभाषा यसरी गरिएको छ "हिन्दु वर्णाश्रमको जाति व्यवस्था, वि.सं. १९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नु पर्ने जातीय भेदभाव एवं समाजमा अछुत मानिएका र समाजिक, आर्थिक, राजनैतिक, शैक्षिक तथा धार्मिक रुपमा राष्ट्रिय मूल प्रवाहबाट पछाडि पारिएका जात जातिका समुदायलाई दलित बर्ग भनी परिभाषित गरिएको छ।

उक्त आयोगको बुलेटिनमा दलित जातिलाई पहाडेमूल र मधेसीमूल गरी २ समूहमा विभाजन गरको छ।

**"दलित बर्गका सूचीमा जात जातिहरू "**

**क. पहाडेमूल :** १. गन्धर्व(गाइने) २. परियार (दमाई, दर्जी, सूचिकार, नगर्ची, डोले, हुड्के) ३. बादी ४. विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनरा, पार्की, टमटा ५. सार्की (मिजार, चर्मकार, भूल)

**ख. मधेसी मूल :** ६. कलवार ७. ककीहया ८. कोरी, ९. खटिक, १०. खत्वे(मण्डल, खङ्ग), ११. चमार (राम, मोची, हरिजन, रविदास), १२. चिडिचमार, १३. डोम (मरीक) १४. तत्मा (ताती, दास), १५. दुसाद (पासवान, हजरा), १६. धोवी(रजक), १७. पत्थरघट्ट, १८. पासी, १९. बाँतर, २० मुसहर, २१. मेस्तर (हलखोर) २२. सरभङ्ग (सरबरिया)

## १.२ समस्याको कथन

शिक्षालाई मानिसको जीवन सार्थक बनाउने र देश विकासको मेरुदण्डको रुपमा लिइन्छ। मानिसको जीवनलाई गुणस्तरीय बनाई भविष्यमा कर्णाधार एवम् राष्ट्रप्रति बफादार असल नागरिक निर्माण गर्ने साधनको रुपमा शिक्षालाई लिइन्छ। त्यसैले शिक्षा विकासमा राष्ट्रले गर्ने खर्च देशको विकास गर्ने लगानीको रुपमा लिइन्छ।

वि.सं. २०५८ सालको राष्ट्रिय जनगणना अनुसार नेपालको कूल जनसङ्ख्याको १२.९७% जनसङ्ख्या दलित समुदायको रहेको पाइएको छ। देशको कूल जनसङ्ख्याको ६५%

सारक्षरताको तुलनामा दलित समुदायको साक्षरता २२.१% रहेको छ । मानव विकास सूचाङ्कमा दलित समुदाय निक्कै पछि परको छ । १० औं पञ्चबर्षीय योजनाको शुरु तिर ३८% जनताहरू गरिवीको रेखामूनी रहेको र त्यसमा दलितको सङ्ख्या अधिक रहेको छ । देशको कुल जनसङ्ख्याको औसत आयु ५५ बर्षको तुलनामा दलित समुदायको औसत आयु ४२ बर्ष मात्र रहेको छ भने अन्य समुदायको तुलनामा प्रतिव्यक्ति आय पनि न्यून रहेको छ । यो समुदायको सरकारी निकायमा प्रतिनिधित्व नगन्यरुपमा रहेको छ । यो समुदाय भित्रका दलित महिला केटाकेटीहरूको स्थिति नाजुक छ *(डि. एन. एफ, २००५) ।*

देशका सम्पूर्ण वालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न राज्यको तर्फबाट समान अवस्था उपलब्ध गराउने प्रतिवद्धता जाहेरगरे पनि सबै बालबालिकाहरूलाई एकै प्रकारकले समान अवसर दिने कार्यबाट अझैपनि प्राथमिक शिक्षा सबैको पहुँचमा पुग्न सकेको छैन ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५) ले शिक्षालाई व्यक्तिको आर्थिक, सामाजिक र व्यक्तिगत विकासको साधनको रुपमा लिएको छ ।

प्राथमिक शिक्षाले व्यक्तिको उत्पादनशीलता र अर्थतन्त्रमा पूर्णरुपले समावेश गरेर गरिवी निवारणमा सहयोग पुऱ्याउँछ । प्राथमिक शिक्षा बालबालिकाको विकासको निमित्त निर्णायक अवस्था र माथिल्लो तहको शिक्षाको निमित्त जग पनि हो ।

यिनै कुराहरूलाई दृष्टिगत गरी श्री ५ को सरकारले गरिवी निवारण, जीवनस्तर उकास्ने र मानवीय समवेदना विकास गर्ने नीतिको रुपमा प्राथमिक शिक्षालाई अबलम्बन गरेको छ ।

सन् १९९० मा बैङ्ककमा सम्पन्न भएको सबैको लागि शिक्षा भन्ने अन्तर्राष्ट्रिय सम्मेलनले सन् २००० सम्ममा उक्त लक्ष्य हासिल गर्ने प्रतिबद्धता जाहेर गरकोमा नेपाल लगायत अन्य देशहरूले पनि  उक्त लक्ष्य हासिल गर्न नसकेकोले सन् २००२ मा सेनेगलको राजधानी डकारमा अर्को शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन भयो । उक्त सम्मेलनले सन १९९० मा किटान गरिएको लक्ष्यको प्रगति समीक्षा गरी सन् २०१५सम्म सबैलाई शिक्षा प्रदान गर्ने ६ वटा लक्ष्यहरू निर्धारण गरी सबै राष्ट्रले प्रतिबद्धता पनि जाहेर गरेका छन् । नेपालले उक्त लक्ष्य प्राप्त गर्न कार्ययोजना बनाई कार्यान्वयनको क्रममा छ ।

राष्ट्रिय बजेटको करिव १७% शिक्षामा छुट्टाइएको पाइन्छ र त्यसको पनि अधिक प्रतिशत प्राथमिक शिक्षामा खर्च गरेको छ । अनिवार्य प्राथमिक शिक्षाको अवधारणा मुताविक अनिवार्य प्राथमिक शिक्षा लागू गर्ने नीति लिएको छ । विद्यालय उमेरका बालबालिकाहरू मध्ये करिब २०%ले अझै पनि विद्यालयको अनुहार देख्न पाइरहेका छैनन् । दलितलाई लक्षित गरी विभिन्न छात्रबृत्ति पनि दिदै आएको छ । अनौपचारिक शिक्षा मार्फत महिला शिक्षा, प्रौढ शिक्षा, बाल शिक्षा, शिक्षा सदन, चेलीबेटी शिक्षा कार्यक्रमहरू संचालन गरेता पनि दलितहरूको शैक्षिक, सामाजिक, आर्थिक स्तर उठन सकेको छैन ।

## १.३. अध्ययनको महत्व

कुनै पनि देशको विकासको निमित्त त्यस देशका सबै जातजातिको उत्तिकै सहयोग र सहभागितामा मात्र हुन्छ । नेपाली समाजको परिवेशमा जातीय भेदभावबाट उत्पन्न समस्याहरू कायमै रहेका छन् । एकातिर यो समुदाय अन्य जातिबाट पीडित छ भने राज्यस्तरबाट पनि अझै उपेक्षित रहेको छ । गरिवी तथा भूमिहीनताको समस्या यो समुदायमा भयावह छ । दलित समुदायको उत्थानको लागि सरकारी तथा गैर सरकारी संस्थाहरूले विभिन्न कार्यक्रमहरू संचालन गरेका छन् । सरकारी स्तरमा दलित बालकालिकाहरूलाई विद्यालयप्रति आकर्षित गर्न राष्ट्रिय छात्रबृत्ति कार्यक्रम अन्तर्गत छात्राबृति पनि प्रदान गरिदै आएको छ ।

बि.सं. २०५४ सालमा उत्पीडित उपेक्षित दलित बर्गको उत्थान विकास समिति र वि.सं. २०५८ सालमा राष्ट्रिय दलित आयोग गठन गरी दलित बर्गको उत्थान र विकासको लागि विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । गैर सरकारी संस्थाहरूले दलित समुदायको लागि दलितहरूलाई सशक्तिकरण गर्ने, जनचेतना जगाउने, आय आर्जनका कार्यक्रमहरू संचालन गर्दै आएका छन् । तर जे जस्ता कार्यक्रमहरू संचालन गरे तापनि यो समुदायको कम प्रगति भएको छ । अतः यस अध्ययनको औचित्य तथा महत्व निम्नानुसार रहेका छन् ।

(क) दलित बालकालिकाहरूको विद्यालयमा उपस्थिति, नियमितता, सिकाइ समस्याहरु, कक्षामा सहभागिता सम्बन्धि शैक्षिक अवस्थाको बारेमा जानकारी प्राप्त गर्न ।

(ख) दलित बालबालिकाहरूका अभावहरु : पोशाक, खाजा, अभिभावकहरुको सचेतता, गरिवी, छात्रवृति एवं शैक्षिक सामग्री जस्ता शिक्षामा प्रभाव पार्ने तत्वहरु पत्ता लगाई सहभागि गराउन ।

दलितसम्बन्धी योजना बनाउँदा, कार्यक्रम कार्यान्वयन गर्दा दलितहरूको वास्तविक समस्या, अवस्था पहिचान नगरी लागू गर्दा अपेक्षित उपलब्धि हासिल हुन नसक्ने भएकोले दलितहरूको वास्तविक अवस्था पहिचान गरी तल्लोस्तरबाट नै योजना बनाउनु पर्छ अनिमात्र अधिकतम उपलब्धि हासिल गर्न सकिन्छ ।

यस मोरङ जिल्ला बिराटनगर उपमहानगरपालिकाको दलित बालबालिकाहरूको प्राथमिक तहको शैक्षिक अवस्था, अझै पनि अन्य समुदायको तुलनामा पछि परको  हुनाले यी सब कुराहरूको बोध गर्न एवं योजनाकार कार्यक्रम निर्माता तथा सम्बन्धित सबैलाई सहयोग पुगोस् भनेर यो अध्ययन गरिएको छ ।

## १.४. अध्ययनका उद्देश्यहरु :

१. प्राथमिक विद्यालय उमेरका दलित वालबालिकाको शैक्षिक सहभागिताको स्थिति पहिचान गर्ने ।

२. दलित छात्रवृत्तिको उपयोगिताको स्थिति पत्ता लगाउने ।

३. दलित विद्यार्थीहरूले शैक्षिक सत्रको  बिचैमा विद्यालय छोड्ने कारणहरु पहिचान गर्ने ।

४. शैक्षिक उपलब्धि न्यून हुने कारणहरु पहिचान गर्ने ।

५. दलित विद्यार्थीहरुको विद्यलयमा सहभागिता सम्वन्धी समस्याहरुको निराकरणका लागि उपायहरु सुझाउने  ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

क. दलित वालबालिकाहरूको भर्ना दर न्यून हुने कारणहरु के के हुन् ?

ख. दलितहरु शैक्षिक क्षेत्रमा किन पछि परे ?

ग. दलित बालवालिकाहरुका शैक्षिक समस्याहरू के के हुन् ?

घ. समस्या समाधानका उपायहरू के के हुन सक्छन् ?

ङ. दलित अभिभावकहरु आफ्ना छोरा छोरीको पढाई प्रति किन यथेष्ठ ध्यान दिन सक्दैनन् ?

## १.६ अध्ययनको परिसीमा

बिराटनगर उपमहानगरपालिकाका ३३ वटा विद्यालयहरु मध्ये जम्मा १३ ओटा विद्यालयहरुको प्रा.वि. तहका दलित विद्यार्थीहरुको शैक्षिक स्थितिको अध्ययनमा यो शोध कार्यलाई सीमित गरिएको छ । प्रथमिक तहमा अध्ययन गर्ने दलित बालबालिकाहरुको शैक्षिक अवस्थालाइ मुख्य आधार मानिएको छ । प्रा.वि तहका दलित विद्यार्थीहरु तिनका अभिभावकहरु प्रा.वि तहका शिक्षकहरुसंगको सम्बन्धमा यसलाइ सीमित गरिएको छ । यस अध्ययनको निष्कर्षलाई सीमित मात्रामा सामान्यीकरण गर्न सकिनेछ ।

## १.७ शोधमा प्रयुक्त शब्दावलीको परिभाषा

१. प्राथमिक शिक्षा : कक्षा १ देखि ५ सम्म दिइने औपचारिक शिक्षा *(शिक्षा ऐन सातौं संशोधन)* ।

२. प्राथमिक विद्यालय : कक्षा १ देखि ५ सम्म पढाइ हुने विद्यालय *(शिक्षा ऐन सातौं संशोधन, २०५७)* ।

३. प्राथमिक विद्यालय उमेर : ५-९ उमेर समूहका बालबालिकाहरूको उमेर *(शिक्षा ऐन सातौं संशोधन २०५७)* ।

४. सामुदायिक विद्यालय : सरकारी अनुदान प्राप्त गर्नेगरी स्वीकृत विद्यालयहरू *(शिक्षा ऐन सातौं संशोधन २०५७)* ।

५. दलित विद्यार्थी : दर्जी, सार्की, विश्वकर्मा,खत्वे,बाँतर,डोम,चमार, हरिजन, लोहार आदि जातिहरू ।

अध्ययन क्षेत्रको संक्षिप्त परिचय यस अध्ययनको क्षेत्र बिराटनगर उपमहानगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरू हुन् । यस उप महानगरपालिकाको भौगोलिक अवस्थिति २६ं ३६' ४९" देखि २६ं ३३' ५८" उत्तरी अक्षांश र ८७ं ६' ३०" देखि ८७ं १०' १७" पूर्वी देशान्तरसम्म फैलिएको छ । पूर्वमा कटहरी र बुधनगर गा. वि. स., पश्चिममा सुनसरी जिल्ला, उत्तरमा टंकीसिनुवारी गा.वि.स. स्थित छ ।

बिराटनगर उपमहानगरपालिका मोरङजिल्लाको सदरमुकाम भएकोले जिल्ला स्तरीय प्रायः सवै कार्यालयहरू रहेका छन् । यहाँको औसतन्युनतम तापक्रम २०$^{\circ}$ सेल्सीयस र औसतअधिकतम ३९$^{\circ}$ सेल्सीयस रहन्छ । वार्षिक औसतवर्षा २०० मि.ली. हुने यो क्षेत्रको हावापानी उष्ण तथा समसितोष्ण प्रकारको छ । विकासको पूर्वाधार शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, सञ्चार, यातायात आदिको राम्रै सुविधा भएको यस शहरमा हिन्दु, वौद्ध, मुस्लिम, इसाइ, किँरात धर्म मान्ने मानिसहरूको वसोवास रहेको छ । यो उपमहानगरपालिकामा पुरुषहरूको सङ्ख्या ९४०७५ र महिलाहरूको सङ्ख्या ८६०६३ रहेको छ । यी मध्ये दलितहरूको सङ्ख्या १०,९८१ रहेको छ जुन कूल जनसङ्ख्याको ६% हुन आउँछ । यस उपमहानगरपालिकामा वसोवास गर्ने जातिहरूमा वाहुन्, क्षेत्री, मेहता, थारु, नेवार, कुम्हार, शाह, मुस्लिम, झागड, यादव, हलवाई, राजवंशी, मारवाडी, राई, मगर, विश्वकर्मा, दर्जी, सार्की धानुक, मुसहर, तेली, खत्वे, सोनार, लोहार, डोम, सुधी, हरिजन आदिको वसोवास रहेको छ । यस उपमहानगरपालिकाको पुरुष र महिलाको अनुपात १:०.७५ रहेको छ ।

यस उपमहानगरपालिकाको वडागत जनसङ्ख्या निम्नानुसार छ ।

**वडागत जनसङ्ख्या**

**तालिका -१**

| क्र. सं. | वार्ड नं. | जनसङ्ख्या | |
|---|---|---|---|
| | | महिला | पुरुष |
| १ | १ | ५८०६ | ५५३६ |

| | | | |
|---|---|---|---|
| २ | २ | २५८७ | २५५० |
| ३ | ३ | २०४१ | १९७६ |
| ४ | ४ | ६७२४ | ६२८८ |
| ५ | ५ | ६६१२ | ६२०३ |
| ६ | ६ | ६७३९ | ५९४१ |
| ७ | ७ | ७९२४ | ७१९३ |
| ८ | ८ | ८५८ | ६३७ |
| ९ | ९ | ९७३ | ८५३ |
| १०. | १० | १७९८ | १८१७ |
| ११. | ११ | ५७१४ | ५१६६ |
| १२. | १२ | २८७१ | २५१९ |
| १३. | १३ | ५७५३ | ५१६८ |
| १४. | १४ | १४३६ | १२७० |
| १५. | १५ | ६५८३ | ५९२८ |
| १६. | १६ | ६८३७ | ६११८ |
| १७. | १७ | ३१४१ | २८४६ |
| १८. | १८ | ५१०७ | ४५०८ |
| १९. | १९ | ३८०९ | ३४३९ |
| २०. | २० | ३६०९ | ३५०३ |
| २१. | २१ | २६३१ | २३४० |
| २२. | २२ | ४५१४ | ४२५६ |
| | जम्मा : | ९४०७५ | ८६०६३ |

*स्रोत बिराटनगर उपमहानगरपालिका*

**दलितको जातिगत जनसङ्ख्या :** बिराटनगर उपमहानगर पालिकामा बसो वास गर्ने दलितहरु जातिगत विवरणहरु यसप्रकार रहेको छ ।

**जातिगत जनसङ्ख्या**

**तालिका नं. - २**

| क्र. सं. | जाति | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कलवार | ११०० | १०.०१ ५ |
| २ | मुहसर | ८५० | ७.७५ |
| ३ | तेली | १९४१ | १७.६७ ५ |
| ४ | दर्जी | ६५१ | ५.९२५ |
| ५ | खत्वे(शर्मा) | ४५० | ४.०९५ |
| ६ | सोनार | ५७० | ५.१९५ |
| ७ | विश्वकर्मा | १८५० | १५.०२ ५ |
| ८ | लोहार | ४११ | ३.७३५ |
| ९ | सार्की | ४०० | ३.६४५ |
| १० | डोम | २०५० | १८.६६ ५ |
| ११ | सुडी | ३५१ | ३.१९५ |
| १२ | अन्य | ९६७ | ८.८०५ |
| जम्मा | | १०९८१ | १००५ |

*स्रोत बिराटनगर उपमहानगरपालिका*

माथिको तालिका नं. २ अनुसार बिराटनगर उपमहा नगरपालिकामा बसोबास गर्ने दलित जातिकोजनसङ्ख्यामा कलवार ११००(१०.०१%),मुसहर ८५० (७.७%), तेली १९४१ (१७.६७%) दर्जी ६५१ (५.९२%), खत्वे ४५० (४.०९%), सोनार ५७० ( ५.१९%), विश्वकर्मा १८५० (१५.०२%), लोहार ४११ (३.७३ %), सार्की ४०० (३.६४%), डोम २०५० (१८.६६%), सुडी ३५१ (३.१९%), र अन्य ९६७ (८.८०%) रहेको पाइयो ।

उल्लिखित तालिका नं. १ ले विराटनगरको जनसङ्ख्याको स्थिति देखाएको छ भने तालिका नं. २ ले जातिगत जनसङ्ख्या देखाएको छ । यस अध्ययनले विराटनगरको सम्पूर्ण जनसङ्ख्या मध्ये दलितहरुको जनसङ्ख्या ६५ मा निकालेको छ । दलितहरुको जनसंख्य मध्ये दलित बालवालिकाहरुको प्रथमिक शिक्षामा सहभागिता न्यूनरहेको हुदा उक्त सहभागिता बृद्धिको निमित्त यी तालिकाहरुको विश्लेषणबाट तुलनात्मक अध्ययन गर्न मद्दत पुग्ने भएको हुदा यहाँ प्रस्तुत गरिएको छ ।

## परिच्छेद - दुई

## सम्वन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक ढा“चा

**२.१ अध्ययनको सैद्धान्तिक ढाँचा** : यो शोध पत्रको अध्ययन निम्नानुसारका सैद्धान्तिक ढाँचामा आधारित रहेर गरिएको छ ।

यस सिद्धान्तका प्रणेता ब्नगकतभ ऋकतभ लाई मानिन्छ । सिद्धान्तका अन्य पक्षपातिहरुमा हर्वटस्पेन्सर, इमाइलदुर्खिम रहेका छन् । यस सिद्धान्तका पक्षधरहरुको भनाइमा समाजका विभिन्न अवएव र अङ्गहरु हुन्छन् । ती प्रत्येकको आफ्नो भूमिका हुन्छ, ती प्रत्येक एक अर्कासँग अन्र्तसम्बन्धित हुन्छन्, ती अङ्गहरु मध्ये कुनै एक अङ्ग कमजोर भएमा त्यो सामाजिक संयन्त्रमा अभाव एवं सु-संचालनमा बाधा हुन्छ । वर्तमान समयमा ठिक त्यही ढंगबाट नेपालीसमाज पिरोलिएको अवस्था छ । यो अवस्थाको सिर्जना मुलुकका आफ्ना नागरिकहरुप्रति नै विभेद अपनाउँदै आएको रुढीवादी संस्कृति, परम्परा र मान्यताहरुले दलित अथवा शोषित, पीडित जनताहरुको वर्ग स्थापित हुन मद्दत पु¥यायो । त्यसैले यो वर्ग समाजमा कमजोर हुन पुग्यो । जसले गर्दा समाज सु-व्यवस्थीत ढंगबाट संचालित हुन नसकिरहेको स्थिति हामी देखी रहेका छौं ।

दलित समुदायले आफूलाई सदियौंदेखि विभेदपूर्ण नीति अपनाएर पछि पारिएको अवस्थाको अनुभूत गरेर वर्तमानमा अधिकारको निमित्त मागहरु भइराखेका छन् । यस अवस्थामा राज्यले र अन्य जिम्मेवार सरोकार समूहहरुले दलितहरुको उत्थानको निमित्त स-सक्तिकरणको माध्यमबाट सक्षम बनाए मात्र संरचनात्मक कार्यवाद सिद्धान्त अनुसार समाज संचालनमा बाधा नभई अगाडि बढ्न सकिन्छ ।

जर्मन दार्शनिक कार्ल मार्क्स द्वन्द सिद्धान्तका प्रर्वतक एवं प्रयोक्ता हुन् । उनका अनुसार असमान आर्थिक वितरणका कारण समाजमा धनी गरिब, उच-निच, अधिकारयुक्त अधिकारबिहीन मानिसहरु बन्छन् । जसका कारण समाजमा वर्गहरुको निर्माण हुन्छ । एक अर्का विपरित वर्गहरु वीच वर्ग संघर्ष हुन्छ र परिणमस्वरुप असमानता हट्छ त्यसपछि

स्वतः सबै समान अधिकारयुक्त बन्दछन् भन्ने मान्यता छ । वर्गविभाजन भएपछि अधिकारविहीनले आफ्नो अधिकार खोज्नु स्वभाविक हो र आज दलितहरु आफूले एक नागरिकको रुपमा पाउनु पर्ने अवसर र अधिकार खोजन  खोज्दा विभिन्न माँगहरु राखेर आन्दोलन गर्नु, यसै सिद्धान्तमा आधारित रहेको छ ।

मार्क्स भन्दा पनि अलि फरक रहेर वर्ग संघर्ष बाहेक धार्मिक द्वन्द, जातिगत द्वन्द राजनीतिक द्वन्दद्वारा पनि सामाजिक परिवर्तन हुन्छ  भन्ने धारणा दार्शनिक च्वाी म्बजचभलमया को रहेको छ । यो शोधकार्य यस धारणमा पनि आधारित भएर प्रस्तुत गरिएको छ । दलित जातिलाई अधिकारबाट विमुख बनाइएको कुरा उनीहरुलाई अनुभूत भै सकेपछि निरन्तर अधिकारयुक्त हुन द्वन्द गरिरहेका छन् र निरन्तर समाजमा स्थापित हुँने तर्फ उन्मुख देखिन्छ ।ण

विकासवादी सिद्धान्त सामाजिक परिवर्तनको महत्वपूर्ण सिद्धान्त हो । यस सिद्धान्तका प्रवर्तक ऋजबचभिक म्बचधष्ल हुन् । यस सिद्धान्तको मूल मर्म भनेको “सक्षमनै बाँच्न सक्छ र वातावरण सँग समायोजन हुन अक्षमको पतन निश्चित छ ।” शिक्षा र सामाजिक परिवर्तनमा पनि विकाशवादी सिद्धान्तको महत्वपूर्ण स्थान रहन्छ । समाज विकाशको क्रममा समाजका प्रचलित व्यवस्था, कानून, नियम, संघ संस्थाको भूमिका, व्यवहार, कार्यप्रणाली, चेतनास्तर आस्था विश्वास एउटा धरातलबाट अर्को धरातलमा पुग्दछ यस्तो परिवर्तन वा विकास नै सामाजिक परिवर्तन हो ।

दलित जातिको सामाजिक परिवर्तनमा पनि हामी उक्त विकाशवादी सिद्धान्तसँग तुलना गर्दा एक पछि अर्को समयमा विकास हुँदै आएको छ । हाम्रो मुलककै इतिहासमा लिच्छवीकाल, मल्लकाल र राणाकालमा जति नै विभेद भएपनि आफ्नो अस्तित्व कायम गर्न सकेका दलितहरु २००७ साल पछि नेपालको खुल्ला प्रजातन्त्रमा केही मात्रामा भएपनि अधिकारयुक्त भए, २०२० सालको मुलुकी ऐनले अझ एक फड्को अगाडि बढ्न सफल भए । २०४६ सालको जनआन्दोलनपछि सरकारी एवं गैरसरकारी संस्थाहरु मार्फत दलितहरुको पक्षमा पर्याप्त पैरवी भएका कारण आफ्नो अधिकारप्रति तुलनात्मक रुपमा पहिले भन्दा सचेत, शिक्षित र राज्य व्यवस्थामा संलग्न भएको समेत देखिन्छ । २०६२-२०६३ को जनआन्दोलनमा दलितहरुको संस्थागत सहभागिता भएको स्थिति छ । त्यसैले दलितहरु निरन्तर रुपमा एक अवस्था पछि अर्कोमा अग्रगामी रुपान्तरण हुँदै गएको कुरा

विकाशवादी सिद्धान्तमा आधारित छ । यो परिवर्तनले के देखाउँछ भने आफ्नो अस्तित्व मात्रै बचाउन सकियो भने पनि एक पछि अर्को फड्कोमा विकाश हुँदै जाने कुरा निश्चित छ । त्यसैले आउँदा दिनमा दलितहरु यो मुलुकको सशक्त र सक्षम नागरिक बन्न सक्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

## २.२. सम्बन्धित साहित्यको पुनरावलोकन

वर्षौं देखि राज्यको शोषण, गरिवी र सामाजिक वञ्चितीको मारमा परेका कारण आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक लागायत हरेक दृष्टिले दलित समुदाय पछि परेको छ । मुलुक भित्रको सवै जात जाति, भाषा भाषी भएका विभिन्न वर्ग र समुदायको सहभागिता र सहकार्यबाट मात्र देश विकास सम्भव हुने भएता पनि युगौ देखि दासत्ताको जंजिरमा जकडिएका दलित जातिको विषयमा २००७ साल भन्दा अगाडि कुनै किसिमको अध्ययन, लेख, रचना, पुस्तक आदि प्रकाशन भएको पाइदैन । २००७ सालको राजनैतिक परिवर्तन पछि शिक्षा विस्तारको साथै जनता चेतनशील हुन थाले पछि दलितसँग सम्वन्धित आवाज उठ्न थालेदेखि नै केही दलितको विषयमा केही प्रकाशन भएको र वि. सं. २०४६ सालको जनआन्दोलनबाट पुनःस्थापित वहुदलीय व्यवस्थामा दलित सम्वन्धी विभिन्न संघ, संस्थाहरूको स्थापना र संचार क्षेत्रको द्रूत विकाससँगै दलितलाई संवोधन गरेर थुप्रै प्रकाशनहरू हुन थालेका छन् । स्वयं दलित मध्येबाट नै यस सम्वन्धमा थुप्रै तथ्यहरू, पत्र पत्रिका, पुस्तक, लेख, रचना तथा अनुसन्धानात्मक कृतिहरू प्रकाशन हुँदै आएको छ ।

यसरी नेपालमा परम्परादेखि पानी नचल्ने भनी अछुत मानिदै आएका जातिहरूको सामाजिक, साँस्कृतिक, आर्थिक, धार्मिक तथा शैक्षिक विषयमा पुग्दो अध्ययन गरेको पाइँदैन । यस अध्ययन अर्न्तगत तपसिल अनुसारको अनुसन्धान तथा कृतिहरूको सिँहावलोकन गरिएकोछ ।

महत, (२०५७) का अनुसार सार्की बालबालिकाहरुको प्राथमिक तहको शैक्षिक अवस्था निम्नानुसार रहेको देखाईएको छ । पढ्ने पढाउने सवालमा छोरीलाई भन्दा छोरालाई प्राथमिकता दिने गरेको स्थिति, न्यून आर्थिक अवस्था एवं विद्यालय पठाइएता पनि उसको

शैक्षिक उपलब्धि प्रति अभिभावकहरुले चासो कम दिने गरेको अवस्थालाई यस अध्ययनले अभावको रुपमा प्रस्तुत गरेकोछ ।

यस अध्ययनको निष्कर्ष र सिफारिसहरु सार्की बालवालिकाहरुको लागि मात्र गरिएको भए तापनि समग्र दलित बालवालिकाहरुको निमित्त पनि उत्तिकै उपयोगी देखिन्छ ।

यसका सवल पक्षहरु : बालवालिकाहरुमा पढनु पर्छ भन्ने भावनाको विकास हुंदै गएको र अभिभावकहरुमा पनि छोरा छोरीलाई पढाउनु पर्ने रहेछ भन्ने चेतनाको विकास हुंदै गएको पाईन्छ ।

यसले सार्की बालवालिकाहरुको शिक्षामा सवल सहभागिताका लागि छात्रवृति, निःशुल्क शिक्षा, पायक पर्ने ठाउमा विद्यालय, सीपमूलक शिक्षा, सार्की जातिको पेसा प्रतिको सम्मान एवं जनचेतना जागरण कार्यक्रमहरु संचालन गर्नु पर्ने सिफारिस गरेकोछ ।*महत, (२०५७)*

विश्वकर्मा, र सिंह (२०६१) का अनुसार अध्ययनको प्रमुख उद्देश्य दलित समुदायको समग्र उत्थान र मूल प्रवाहिकरणका लागि नीति तयार गर्नु हो भन्ने रहेको छ ।

दलित समुदायको समग्र उत्थानको जिम्मा राज्यको हो । दलित समुदायको उत्थानको लागि थप योजना, कार्यक्रम तथा आरक्षणको व्यवस्था आवश्यक छ । आरक्षणको उपभोग गर्नसक्ने बनाउन, स-सक्तिकरण तथा लोककल्याणकारी योजना तथा कार्यक्रम आवश्यकछ । बेला बेलामा आरक्षणको अनुगमन हुनु जरुरीछ ।

त्यसरी नै संविधान संग सम्बन्धित थप सुझावहरु पनि राखिएको छ । जस अर्न्तगत : कार्यपालिका, व्यवस्थापिका एवं न्यायपालिकाहरुमा आरक्षणको व्यवस्था गर्नु पर्ने । दलितहरुको उत्थानको लागि संवैधानिक रुपमा दलित आयोगको व्यवस्था हुनु पर्ने । निर्वाचन पद्दतिमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्नु पर्ने । दलित समुदायको आर्थिक, सामाजिक, राजनैतिक एवं शैक्षिक अवस्थाको अध्ययन गर्नु पर्ने ।

समष्टीमा यस अध्ययनमा दलित समुदायको समग्र उत्थानको निमित्त राज्यले उपर्युक्त उल्लेखित कुराहरु लागू गर्नु पर्ने निर्ष्कषहरु सुझाएकोछ । जे होस् अध्ययनले दलित जाति विभेदमा परेका छन् र देशको हरेक आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक लगायतका विभिन्न क्षेत्रहरुमा प्रत्येक नेपाली नागरिक सरहको सहभागिता खोजिएकोछ । यसले

सामाजिक तथा जातिगत विभेदको अन्त्यको निमित्त उठाएको आवाजले दलित बालवालिकाहरुको शिक्षामा समान अवसर र पहुँचलाई बल पुऱ्याएकोछ *विश्वकर्मा, र सिंह ( २०६१)।* ।

कोइराला (२०६४) का अनुसार यस अध्ययनका उद्देश्यहरु प्रश्नका रुपमा राखिएकोछ । सामाजिक असमानता किन हुन्छ र कसरी दलित बन्छ ? किन दलितहरु विद्यालयमा पढन आएनन् ? विद्यालय प्रति दलितको दृष्टिकोण के हो ?

सामाजिक असमानता धनी र गरीबबाट हुन्छ । धनी माथिल्लो जात बन्छ, गरीब तल्लो जात बन्छ भनेर मार्क्सलाई उद्दृत गरिएको छ । धन, शक्ति र सामाजिक प्रतिष्ठा हुने व्यक्ति माथिल्लो र त्यसको विपरित हुने तल्लो जातको हुन्छ भनी म्याक्सवेवरलाई उद्दृत गरिएको छ । यस्तै अन्य थुप्रै कारणहरु अधिकार, सुविधा, इज्जत, शिक्षा, सम्पत्ति, उमेर, पेशा, धर्म-संस्कृति आदिको भिन्नताले पनि असमानताको स्थिति सिर्जना हुने गरेको छ । यही असमानताले दलित एवं अछुतको भावना बढाएको स्थिति देखाइएको छ ।

दलितहरु विद्यालय नआउने कारण गरिवी, सामाजिक संस्कार, पाठ्यक्रम-पाठ्यपुस्तक, शिक्षा र विद्यालय, दलित समुदायसंग मिल्दा नहुनुका कारण दलितहरु विद्यालय आउदैनन् । आइहाले पनि बीचैमा छोड्नेको सङ्ख्या अधिक देखिन्छ ।

विद्यालय प्रति हाल उनीहरुको दृष्टिकोण सकारात्मक बन्दै गएको देखिन्छ । पढ्नु पर्छ र पढाउनु पर्छ भन्ने संस्कारको विकास गर्ने तर्फ उन्मूखछ । उपर्युक्त अवस्थाको सुधारका निमित्त अध्ययनकर्ताले दिएको मुख्य सुझावहरु :- पढनु, पढाउनुपर्छ भन्ने संस्कृतिको स्थापना गर्न ब्यापक प्रचार प्रसार गर्नु जरुरीछ । यसरी नै विशेष कार्यक्रम लागू गरी दलित समूहलाई अवसर दिनुपर्दछ । छुवाछुत जस्ता कु-संस्कारहरु हटाउनलाई विशेष अभियान संचालन गर्नुपर्छ । सामाजिक विभेद बढाउने धार्मिक ग्रन्थ, पुस्तक लेख रचना र अन्य संचारका साधनहरुलाई निस्तेज पुऱ्याउनु पर्छ ।

यो रचनाले जातीय छुवाछुत, सामाजिक विभेदको विरुद्धमा उठाइएको कलमले निसन्देह दलित बालवालिकाहरुको विद्यालय शिक्षामा निरन्तर सहभागितामा वृद्धि हुने विश्वास गरिएकोछ *कोइराला, (२०६४) ।*

विश्वकर्मा (२०६०) का अनुसार नेपालमा दलित समुदायको स्थिति बिषयमा अध्ययन गरिएको यस रचनामा मुख्य उद्देश्यहरु, नेपालमा दलित समुदायमा भइरहेको भेदभाव र छुवाछुतको सामान्य अवस्थाको आंकलन गरी समस्याको प्रमुख क्षेत्र पहिचान गर्नु, समाधानका उपायहरु पत्ता लगाई सम्बन्धित पक्षलाई सुझाव दिनु रहेकोछ ।

यस अध्ययनले प्रमुख रुपमा निकालेका निष्कर्षहरुमा प्राचीन समय देखिनै दलितहरु छुवाछुतबाट पीडित छन् । छुवाछुत हटाउन राजनैतिक दलहरुको पनि खासै पहल भएको देखिदैन । कानूनी प्रावधानहरु समेत व्यवहारमा कार्यान्वयन नहुँदा दलित समुदाय अझ सम्म पनि पीडित नै छन् ।

यस्तो अवस्थाबाट दलितहरुलाई सुधार गर्न सुझावसार निम्नानुसार रहेका छन् : प्रगतिशिल आरक्षणको अनिवार्य व्यवस्था, छुवाछुतको व्यवहार र पक्ष पोषण गर्नेहरुप्रति आवश्यक कानुनी व्यवस्था, अन्तरजातीय विवाहलाई प्रोत्साहन, जातीय भेदभाव बढाउने खालका पत्र पत्रिका, पाठयक्रम-पाठ्यपुस्त एवं संचारमाध्यममा सुधारको व्यवस्था, विभिन्न राजनैतिक, सामाजिक, आर्थिक क्षेत्रमा दलितहरुको सक्रिय सहभागिता र दलित समुदायको विद्यार्थीहरुलाई शिक्षाको उच्च तहसम्म छात्रवृत्तिको व्यवस्था गरिनु पर्छ ।

यस अध्ययनमा दलित समुदायहरु अन्य आफूलाई ठूलो जाति ठान्नेहरुबाट नभई दलित भित्रनै पनि छुवाछुत, ठूलो सानोको भावना हुनुले लोकतन्त्रको खिस्सी उडाई रहेको स्थिति देखिन्छ । यस्तो भावना राख्नु नागरिक सर्वोच्चताको र सबैभन्दा महत्वपूर्ण अभाव मानवअधिकारको उपभोगमा पुग्दछ । आफु-आफुले नै मानवअधिकारको हननमा बल पुऱ्याएपछि समान अवसर र समताको स्थिति रहदैन । जसले गर्दा दलित बालवालिकाहरुलाई समेत प्राथमिक शिक्षामा पहुँच पुऱ्याउने विषयमा प्रत्यक्ष कु-प्रभाव परेको देखिन्छ *विश्वकर्मा, (२०६०)*।

## २.३ पुनरावलोकनको उपादेयता :

अध्ययनको उपादेयता भन्नाले त्यसको प्रयोगबाट देखिने प्रभावहरुलाई नै मानिन्छ । यो शोध पत्रको अध्ययनबाट निम्नानुसारको प्रभावहरु देखिन्छ :

(क) दलित अभिभावकहरु र बालवालिकाहरुमा पढ्नु र पढाउनु पर्छ भन्ने भावनाको विकाश ।

(ख) छोरा र छोरी बीचको विभेदको न्यूनीकरण ।

(ग) दलित जातिहरुले गर्ने पेशागत सीपको सम्मान ।

(घ) समता र समावेशीताका लागि सरकार र अन्य सरोकार समूहहरुमा दलितहरुप्रति देखिएको सचेतता ।

यद्यपि यो अध्ययनले उपर्युक्त प्रभाव र महत्व देखाएको भए तापनि उल्लेखित स्थापनाका प्रभावहरु प्रर्याप्त चाँहि भैइसकेका छैनन् ।

यस पुनरावलोकनको अध्ययनले मेरो शोध शीर्षक "दलित बालवालिकाको प्राथमिक शिक्षामा सहभागिता" विषयलाई अध्ययन गर्न निम्न बमोजिम मद्दत पुगेको छ ।

(१) यसले शीर्षकको विषय अगाडि बढाउन पूर्वज्ञान दिएको छ ।

(२) शोधपत्रको प्रारुपबारे स्पष्टता दिएको छ ।

(३) नयाँ खोज गर्न र आफ्ना विषयमा विश्वस्त हुन विभिन्न पुस्तकहरु पढ्न प्रेरित गरएको छ ।

(४) शोध पत्रको तयारीमा विषय वस्तुबारे पर्याप्त जानकारी गराएको छ ।

# परिच्छेद - तीन

# अध्ययन विधि

यो अध्ययन सर्वेक्षण विधिमा आधारित छ । यो अनुसन्धानका लागि आवश्यक पर्ने विवरणहरू अनुसन्धानकर्ता स्वयं विद्यालयमा उपस्थित भएर प्र. अ. शिक्षक र विद्यार्थीहरूसँग प्रशनावली भराएको थियो । त्यसरी नै अभिभावकको घरघरमा पुगेर प्रश्नावली भराउनुको साथै छलफल र अर्न्तक्रिया गरेको थियो । यो अध्ययनमा सङ्ख्यात्मक र गुणात्मक दुवै तथ्याङ्क विद्यालयको अभिलेख तथा द्वितीय स्रोतबाट पनि संकलन गरिएको छ ।

## ३.१ अध्ययनको जनसङ्ख्या

अध्ययन क्षेत्रको जनसङ्ख्याको रुपमा बिराटनगर उपमहानगरपालिकाका ३३ वटा सामुदायिक विद्यालयहरू मध्येबाट १३ वटा लाई लिइएकोछ । ती विद्यालयहरूमा कार्यरत शिक्षक, दलित विद्यार्थी र तिनका अभिभावकहरूलाई उत्तरदाताको रुपमा लिइएकोछ ।

## ३.२ नमुना छनोट

बिराटनगर उपमहानगरपालिकाका १३ वटा सामुदायिक विद्यालयहरूबाट ३० % विद्यालयहरू नमूना को लागि उद्देश्यमूलक छनोटका आधारमा लिइएकोछ ।

विद्यालयहरूलाई मा. वि., नि. मा. वि. र प्रा. वि. को समूह वनाई मा. वि.बाट १ वटा, नि. मा. वि.बाट १ र प्रा. वि.बाट २ वटा संम्भावनायुक्त नमुना छनौट विधिबाट छनोट गरिएको थियो ।

**३.३ अध्ययन साधन :** यो अध्ययनमा निम्नानुसारको साधन प्रयोग गरिएको छ ।

**क) प्राथमिक स्रोत :** शिक्षक र दलित विद्यार्थीहरूको लागि खुल्ला प्रश्नावली र अभिभावकहरूको लागि वन्द प्रश्नावली प्रयोग गरिएको थियो । (प्रश्नहरूको नमुना अनुसूची (२, ३ र ४) मा दिइएको छ ।) । शिक्षक, विद्यार्थी तथा अभिभावकहरूसँग अनौपचारिक छलफल तथा अर्न्तक्रिया वुँदा टिपोट गरिएकोछ । विद्यालयहरूको स्थलगत अध्ययन गरेर अभिलेखहरू अध्ययन गरिएकोछ ।

**ख) द्वितीय स्रोतबाट तथ्याङ्क संकलन :** विराटनगर उपमहानगर पलिका वाट लिइएको समग्र जनसङ्ख्या विवरण तालिका नं. १ मा देखाएको छ । दलितहरुको जातिगत जनसङ्ख्याको स्थिति तालिका नं.२ मा देखाएको छ दलित विद्यार्थीको भर्नाको तुलनात्मक स्थिति २०६४ । २०६५ तालिका नं. ३ र ४ मा प्रस्तुत गरिएकोछ ।अन्य विभिन्न तुलनात्मक अध्ययनका लागि लिइएका तथ्याङ्कहरु तलिका नं. ५ देखि ११ मा प्रस्तुत गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया स

जुनसुकै विषयको अध्ययनमा पनि तथ्याङ्क संकलन प्रक्रियाको महत्वपूर्ण स्थान रहन्छ । अध्ययनको सत्यता र वैधता तथ्याङ्क संकलन प्रविधिमा भर पर्छ । अध्ययनको क्रममा अनुसन्धाता स्वयं विद्यालय तथा अभिभावकको घरघरमा उपस्थित भई तथ्याङ्क संकलन गरिएको छ । शिक्षक, दलित विद्यार्थी तथा अभिभावकसँग अर्न्तक्रिया र छलफल गरी टिपोट तयार पारिएको थियो । विद्यालय तथा विभिन्न संघ सस्थाहरूबाट प्राप्त अभिलेख अध्ययन गरी द्वितीय स्रोतबाट पनि तथ्याङ्क संकलन गरिएको थियो ।

## ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

यो अध्ययनमा प्र.अ., शिक्षक, दलित विद्यार्थी तथा तिनका अभिभावकहरूसँग अर्न्तक्रिया, प्रश्नावली भराई तथा पत्रपत्रिका, लेखरचना,पुस्तक आदिबाट संकलन गरिएका सङ्ख्यात्मक तथा गुणात्मक तथ्यांकहरूलाई तालिकीकरण गरेर गुणात्मक पद्दतिअनुसार व्याख्या विश्लेषण गरिएकोछ ।

# परिच्छेद - चार

# तथ्याङ्क विश्लेषण र व्याख्या

## ४. १ तथ्याङ्कको व्याख्या

यस अध्ययन अन्रर्गत दलित बालवालिकाहरुको प्राथमिक शिक्षामा पहुँचको वास्तविक स्थिति पहिचान गर्न, उनीहरुका शैक्षिक समस्याहरु के के हुन पत्तालगाइ निराकरणका उपायहरु समेत सिफारिस गर्नका निमित्त संकलित तथ्याङ्कहरु र तिनको विश्लेषण यस अध्ययनमा राखिएकोछ ।

**१. शैक्षिकसत्र २०६४ र ०६५ को दलित विद्यार्थीको भर्नाको तुलनात्मक स्थिति**

बिराटनगर उपमहानगर पालिका अन्तर्गतका सामुदायिक विद्यालयको प्रा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको भर्नाको स्थिति अध्ययन गर्न शोध कर्ता आफै विद्यालयमा गई कक्षाागत रुपमा विवरण संकलन गरेको थियो । यस उपमहानगरपालिकामा अवस्थित विद्यालयहरूमा शै.सत्र २०६४ र शै. सत्र २०६५ मा तलको तालिका अनुसार विद्यार्थीहरू रहेको देखिन्छ ।

## दलित विद्यार्थीको भर्नाको तुलनात्मक स्थिति ( शैक्षिक वर्ष - ०६४)

### तालिका नं.-३

| क्र. सं. | विद्यालयको नाम | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी |
| १ | श्री जनपथ मा.वि. बिराटनगर-१५ | ४१ | ४० | ८ | ९ | ३ | २ | ४ | ३ | ३ | २ | ५९ | ५६ |
| २ | श्री महेन्द्र मा.वि. बिराटनगर-११ | ३ | ४ | ३ | १ | २ | १ | २ | २ | ३ | २ | १३ | १० |
| ३ | श्री बिराटनगर नि.मा.वि.-२ | ४ | ३ | ३ | ६ | ५ | - | ३ | ३ | ३ | २ | १८ | १४ |
| ४ | शिक्षा सदन नि.मा.वि. -७ | १० | १२ | २ | ३ | ४ | ४ | ३ | ३ | ६ | ४ | २५ | २६ |
| ५ | बाल मा.वि. जतुवा-१८ | १ | १ | २ | १ | ५ | ३ | २ | १ | २ | ३ | १२ | ०९ |
| ६ | अरुणोदय प्रा.वि. बिराटनगर-१५ | ५ | २ | २ | ४ | २ | ४ | १ | २ | १ | २ | १२ | १४ |
| ७ | नारायण प्रा.वि.-१३ | - | १ | ३ | ३ | २ | ४ | ५ | ४ | २ | १ | १२ | १३ |
| ८ | भानु मोरङ प्रा.वि. बिराटनगर-१३ | ५ | १ | १ | ४ | ३ | ३ | १ | १ | ४ | ३ | १४ | १२ |
| ९ | शिक्षा प्रा.वि. -११ | १ | ३ | २ | - | - | १ | - | १ | २ | २ | ५ | ७ |
| १० | आर्दश प्रा.वि.-१३ | ६ | ४ | ५ | ४ | १ | १ | २ | १ | १ | १ | १५ | ११ |
| ११ | शहिद प्रा.वि.-४ | १ | - | २ | - | २ | २ | - | १ | १ | २ | ६ | ५ |
| १२ | धरणीधर प्रा.वि.-७ | २ | १ | - | १ | - | - | २ | २ | ३ | २ | ७ | ६ |
| १३ | जनता प्रा.वि.-१६ | ४ | - | २ | - | २ | - | - | - | - | २ | ८ | १० |
| | **जम्मा** | ८३ | ७२ | ३५ | ३६ | ३१ | २५ | २५ | २४ | ३२ | २८ | २०६ | १८५ |
| | **प्रतिशत** | ५३.५४ | ४६.४६ | ४९.२९ | ५०.६९ | ५५.५४ | ४४.६६ | ५१.०२ | ४९.८ | ५३.३३ | ४६.६७ | ५२.६८ | ४७.३१ |
| | **जम्मा** | १५५ | | ७१ | | ५६ | | ४९ | | ६० | | ३९१ | |
| | **प्रतिशत** | ३९.६४ | | १८.१५ | | १४.३२ | | १२.५३ | | १५.३४ | | | |

*स्रोत: विद्यालय तथ्याङ्क, २०६४*

तालिका नं. ३ अध्ययन गर्दा शै. सत्र २०६४ मा कक्षा १ -५ मा जम्मा ३९१ जना विद्यार्थीहरू मध्ये केटाको सङ्ख्या २०६(५२.६८%) र केटीको सङ्ख्या १८५(४७.३२%) रहेको छ । कक्षागत सहभागिता हेर्दा कक्षा १ को १५५(३९.६४%), कक्षा २ को ७१( १८.१५%),कक्षा-३ को ५६ (१४.३२%) कक्षा ४ को ४९(१२.५३%) र कक्षा ५ को ६०( १५.३४%) रहेको देखिन्छ । कक्षामा सहभागिता कक्षा १ को बढी र अन्य कक्षाहरूको क्रमशः घटेदै गएको देखिन्छ । कक्षागत रुपमा केटा र केटीको सहभागिता हेर्दा कक्षा १ मा केटाको ८३(५३।५४%) केटी ७२(४६.४६%) कक्षा २ मा केटा ३५(४९.२९%) केटी ३६( ५०.६९%) कक्षा ३ मा केटा ३१(५५.३२%) केटी २५(४४. ६८%), कक्षा ४ मा केटा २५( ५१.०२%) केटी २४(४९.०८%) र कक्षा ५ मा केटा ३२(५३.३३%) केटी २८(४६.६७%) रहेको देखिन्छ ।

## दलित विद्यार्थीको भर्नाको तुलनात्मक स्थिति (शै. स. ०६५)

### तालिका नं.-४

| क्र. सं. | विद्यालयको नाम | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी |
| १ | जनपथ मा.वि. बिराटनगर-१५ | ५१ | ५४ | १५ | १४ | १२ | ९ | ३ | २ | ३ | ३ | ८४ | ८२ |
| २ | महेन्द्र मा.वि.-११ | २ | ६ | २ | २ | ३ | १ | २ | - | २ | २ | ११ | ११ |
| ३ | बिराट नि.मा.वि.-२ | ७ | ३ | १ | १ | - | - | - | - | १ | २ | ९ | ६ |
| ४ | शिक्षा सदन नि.मा.वि -७ | ३ | ५ | ५ | ४ | २ | ६ | ५ | - | ३ | २ | १८ | १७ |
| ५ | बाल नि.मा.वि. जतुवा -८ | ३ | ५ | ५ | ४ | २ | ६ | ५ | - | ३ | २ | १८ | १७ |
| ६ | अरुणोदय प्रा.वि. बिराटनगर-१५ | १ | २ | ५ | ३ | २ | - | १ | २ | - | १ | ९ | ८ |
| ७ | नारायण प्रा.वि.-१३ | ७ | ९ | ४ | २ | १ | ३ | १ | ३ | १ | २ | १४ | १९ |
| ८ | भानु मोरङ प्रा.वि. बिराटनगर-१२ | १० | ७ | ७ | - | ३ | ४ | १ | १ | - | १ | २१ | १३ |
| ९ | शिक्षा प्रा.वि.-१३ | १ | २ | १ | १ | - | - | - | - | - | - | २ | ३ |
| १० | आर्दश प्रा.वि.-१३ | ५ | ११ | ११ | ५ | ३ | ३ | २ | २ | ५ | ३ | २६ | २४ |
| ११ | शहिद प्रा.वि.-४ | ९ | ४ | १ | ८ | ३ | ३ | ५ | ३ | - | - | १८ | १८ |
| १२ | धरणीधर प्रा.वि.-७ | २ | १ | - | - | २ | १ | १ | ३ | २ | - | ७ | ५ |
| १३ | जनता प्रा.वि.-१६ | १ | २ | १ | २ | १ | - | ३ | - | १ | १ | ७ | ५ |
| | **जम्मा** | ११७ | १३४ | ५५ | ४३ | ३४ | ३३ | ३० | २१ | १९ | १८ | २५५ | २४९ |
| | **प्रतिशत** | ४६.४६ | ५३.३८ | ५६.१२ | ४३.८७ | ५०.७४ | ४९.२६ | ५८.८२ | ४१.१८ | ५१.३६ | ४९.६४ | ५०.५९ | ४९.४१ |
| | **कुल जम्मा** | २५१ | | ९८ | | ६७ | | ५१ | | ३७ | | ५०४ | |
| | **प्रतिशत** | ४९.८५ | | १९.१४ | | १३.२९ | | १०.११ | | ७.३४ | | | |

*स्रोतः विद्यालय तथ्याङ्क २०६५*

तालिका नं. ४ मा उल्लेख भए अनुसार शै.स. ०६५ मा कक्षा १-५ मा जम्मा ५०४ विद्यार्थीहरू मध्ये केटाको सङ्ख्या २५५(५०.५९%) र केटीको सङ्ख्या २४९(४९.४१%) रहेको पाइयो । कक्षागत सहभागिता हेर्दा कक्षा १ को सहभागिता २५१(४९.०८%), कक्षा २ को ९८ (१९.१४%), कक्षा ३ को ७६(१३.१९%), कक्षा ४ को ५१(१०.११%) र कक्षा ५ को ३७(७.३४%) रहेको पाइयो । कक्षागत सहभागितालाई अध्ययन गर्दा कक्षा १ को सबैभन्दा बढी र अन्य कक्षाहरूको क्रमशः घट्दै गएको देखिन्छ ।

कक्षागत रुपमा केटा र केटीको सहभागितालाई अध्ययन विष्लेषण गर्दा कक्षा १ मा केटाको ११७(४६.४६%) र केटीको १३४(५३.५४%), कक्षा २ मा केटा ५५(५६।१२%) र केटीको ४३(४३.८८%), कक्षा ३ मा केटा ३४(५०.७४%) र केटी ३३(४९.२६%), कक्षा ४

मा केटा ३०(५८.८२%) र केटी २१(४१.१८%) र कक्षा ५ मा केटाको १९(५१.३६%) र केटी १८(४९.६४%) रहेको देखिन्छ ।

## २. शैक्षिक सत्र २०६४ र २०६५ को तुलनात्मक विद्यार्थी विवरण

दलित विद्यार्थीको शैक्षिक सत्र २०६१ र २०६२ को तुलनात्मक विवरण यस प्रकार रहेको पाइयो ।

**तुलनात्मक विद्यार्थी विवरण**

**तालिका नं. ५**

| कक्षा | २०६४ | | | | २०६५ | | | | बढेको/घटेका प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | प्रतिशत | केटा | केटी | जम्मा | प्रतिशत | | |
| १ | ८२ | ७२ | १५५ | ३९.६४ | ११७ | ११७ | २५१ | ४९.८५ | ३८.२४ | बढेको |
| २ | ३५ | ३६ | ७१ | १८.१५ | ५५ | ४३ | ९८ | १९.१४ | २७.५५ | |
| ३ | ३१ | २५ | ५६ | १४.३२ | ३४ | ३३ | ६७ | १३.१९ | १६.४१ | |
| ४ | २५ | २४ | ४९ | १२.५३ | ३० | २१ | ५१ | १०.११ | ३.९ | |
| ५ | ३२ | २८ | ६० | १५.३४ | १९ | १८ | ३७ | ७.३४ | ३८.३ | घटेको |

*स्रोत- स्थलगत अध्ययन २०६४ । २०६५*

माथिको तालिका ५ को तुलनात्मक अध्ययन गर्दा शैक्षिकसत्र २०६४-०६५ को विद्यार्थीको सङ्ख्या  शैक्षिकसत्र ०६४ मा भन्दा ०६५ मा कक्षा १ मा ३८.२४%, कक्षा २ मा २७.५५%, कक्षा ३ मा १६.४१%, कक्षा ४ मा ३.०९% ले बढेको देखिन्छ भने कक्षा ५ मा ३८.०३% ले घटेको पाइएको छ । कक्षा १-५ मा २२.२४% ले विद्यार्थी सङ्ख्या शैक्षिकसत्र ०६५ मा बढेको देखिन्छ । कक्षा १ मा सबैभन्दा बढी र अन्य कक्षाहरूमा कम मात्रमा विद्यार्थी भर्ना रहेको पाइयो ।

## ३. दलित विद्यार्थीको उपस्थिति (प्रतिशतमा)

विद्यालयमा अध्ययन गर्ने दलित बालबालिकाहरूको उपस्थितिको अवस्था बझ्न स्थलगत भ्रमण गरेर शै. सत्र २०६४ र शै.सत्र. २०६५ को वैशाख देखि पौषसम्म जम्मा आठ महिनाको विद्यार्थी हाजिरी अभिलेख अध्ययन गर्दा विद्यार्थीहरूको उपस्थिति निम्नानुसार पाइयो ।

**विद्यार्थीको औसत उपस्थिति शैक्षिक सत्र -०६४**

**तालिका नं.-६**

| क्र. सं. | कक्षा | वैशाख | ज्येष्ठ | आषाढ | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | औसतउपस्थिति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | २५.१ | ५८.७ | ५५ | ५१.१ | ५६.८ | ५५.८ | ६०.१ | ५५.२ | ५२.७ |
| २ | २ | ३६.२ | ५९.२६ | ६१.२५ | ५२.७ | ५३.८ | ५९.४ | ७९.७ | ६०.१५ | ५०.२८ |
| ३ | ३ | ४० | ६१.५ | ६७.८ | ५०.१ | ६६.३४ | ५२.२ | ७६.७ | ५७.८ | ५१.८३ |
| ४ | ४ | ४२.१ | ७९.६ | ७६ | ५६.५ | ५०.७ | ४१ | ८५.७ | ५८.५ | ६१.२६ |
| ५ | ५ | ५८.३ | ७२.६ | ६९ | ५४.७८ | ७३ | ५४.१ | ७९ | ७० | ५७.५९ |
| **औषत** | | **४०.३४** | **६६.६३** | **६५.८१** | **५३** | **६०.१** | **५२.५** | **७६.२४** | **६०.३३** | |

स्रोत- स्थलगत अध्ययन २०६४

माथिको तालिका नं. ६ को दलित विद्यार्थीहरूको उपस्थितिलाई अध्ययन विश्लेषण गर्दा शैक्षिकसत्र ०६४ प्रारम्भ भएदेखि ८ महिनासम्मको उपस्थितिमा कक्षा १ को औक्सत उपस्थिति ५२.७%, कक्षा २को ५०.२८%, कक्षा ३ को ५१.८३%, कक्षा ४ को ६१.२६% र कक्षा ५ को ५७.५९% औसतउपस्थिति रहेको पाइयो । कक्षागत रुपमा उपस्थितिलाई हेर्दा कक्षा २ मा सबैभन्दा कम औक्सत उपस्थिति र कक्षा ४ मा सबैभन्दा बढि उपस्थिति रहेको पाइएको छ । मासिक रुपमा कक्षा १-५ को उपस्थिति अध्यय विश्लेषण गर्दा शैक्षिकसत्रको आरम्भ हुने वैशाख महिनामा सबभन्दा कम ४०.३४%, जेष्ठमा ६३.३३%, आषाढमा ६५.८१%, भाद्रमा ५३.००% आश्विनमा ६०.०१%, कार्तिकमा ५२.०५%, मंसिरमा ७६.२४% र पौषमा ६०.३३% देखिन्छ । विद्यार्थीहरूको उपस्थिति मंसीर महिनामा सबभन्दा बढी रहेको पाइयो ।

## विद्यार्थीको औसत उपस्थिति (शैक्षिक सत्र - ०६५)

### तालिका नं.-७

| क.स | कक्षा | वैशाख | जेष्ठ | आषाढ | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | औसतउपस्थित |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ४३.२ | ५२ | ५७.१ | ५३.३ | ५९.८ | ५२.१ | ६३.१ | ६२ | ५५.३७ |
| २ | २ | ४८ | ७३.९ | ७८ | ७३.१ | ६३ | ५१.१ | ६५ | ५९ | ५६.५१ |
| ३ | ३ | ४७ | ६१.८ | ६४.५ | ६४.५ | ६८.६ | ६७.५ | ७५.५ | ७१.३ | ६५.०८ |
| ४ | ४ | ४४.३ | ७३.५ | ७० | ७० | ६३.२ | ५७.२५ | ७१.३ | ६६.५ | ६४.५ |
| ५ | ५ | ६६.४ | ७०.२ | ७१ | ७३ | ६७.५ | ४१.४ | ६४.५ | ६४.३ | ६४.७८ |
| **औषत** | | **४९.७८** | **६६.२८** | **६८.१** | **६६.७८** | **६४.४२** | **५३.८७** | **६८** | **६४.६२** | |

*स्रोत- स्थलगत अध्ययन २०६५*

माथिको तालिका नं.७ शैक्षिकसत्र ०६५ मा दलित विद्यार्थीहरूको उपस्थितिलाई अध्ययन गर्दा कक्षागत औसतउपस्थिति कक्षा १ को ५५.३७%, कक्षा २ को ५६.५१%, कक्षा ३ को ६५.०८%, कक्षा ४ को ६४.०५%र कक्षा ५ मा ६४.७८ रहेको देखिन्छ । कक्षा १ को औसतउपस्थिति सबभन्दा न्यून र कक्षा ३ को औक्ससत उपस्थिति सबभन्दा बढी रहेको छ । मासिक रुपमा विद्यार्थीहरूको उपस्थितिलाई हेर्दा कक्षा १-५ को वैशाख महिनामा सबभन्दा घटि ४९.७८%, जेष्ठ ६६.२८%, आषाढ ६८.१%, भाद्र ६६.७८%, आश्विन ६४.४२%, कार्तिक ५३.८७% मंसिर ६०.००% र पौष ६४.६२% औसतउपस्थिति रहेको पाइयो । जेष्ठ र मंसीर महिनामा विद्यार्थीहरूको उपस्थिति सबभन्दा बढी रहेको पाइयो ।

माथिको तालिका नं. ६ र ७ को तुलनात्मक रुपमा अध्ययन विश्लेषण गर्दा शैक्षिकसत्र ०६४ मा भन्दा शैक्षिकसत्र ०६५ मा विद्यार्थीहरूको औसत उपस्थिति प्रतिशत क्रमश: बढेको देखिन्छ । वैशाख देखि पौषसम्मको तुलनात्मक उपस्थिति अध्ययन गर्दा वैशाख महिना शै. स. शुरु हुने भएकोले विद्यार्थीहरूको उपस्थिति न्यून देखिन्छ। त्यस मध्य पनि कक्षा १ को उपस्थिति ज्यादै न्यून (५०% भन्दा कम) देखिन्छ।

## ४. दलित विद्यार्थीको शैक्षिक उपलब्धि (औसतमा)

विद्यालयमा दलित विद्यार्थीहरूको विषयगत तथा कक्षागत शैक्षिक उपलब्धि शै.सत्र २०६४ रशै.सत्र २०६५ को परीक्षाको अभिलेख अध्ययन गर्दा निम्नानुसार पाइयो ।

**विद्यार्थीको शैक्षिक उपलब्धि शैक्षिक सत्र-०६४**

**तालिका नं.-८**

| क.सं. | कक्षा | नेपाली | गणित | सेरोफेरो | इच्छाधिन | शारीरिक | सि.अ.क. | अंग्रेजी | वातावरण | औषत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | २७.८ | २०.८ | ३५ | ४५.२५ | ५७.५ | ४७.५ | - | - | ३८.६७ |
| २ | २ | २८ | २४.१ | ३९.७ | ४६.३ | ४७.२ | ४३ | - | - | ३८.५ |
| ३ | ३ | २६.३ | २८.८ | ३१ | ४०.७ | ४४.२ | ४२.३ | - | - | ३५.५ |
| ४ | ४ | ३८ | ३१ | ४७ | ४३.२५ | ४४.५ | ४३.२ | २८.१५ | ४०.५ | ३९.४५ |
| ५ | ५ | ३४.२५ | ३०.७ | ४७.७ | ४२.३५ | ५६ | ५६.५ | ४० | ४०.५ | ४३.५ |
| **औषत** | | **३०.८७** | **२७.०८** | **४०** | **४३.५७** | **४९.५८** | **४६.५** | **३४** | **४०.५** | **-** |

*स्रोत- स्थलगत अध्ययन २०६४*

तालिका नं.८ अनुसार शै. स. ०६४ मा दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि अध्ययन विष्लेषण गर्दा कक्षा १ को औसतसिकाइ उपलब्धि ३८.६७ %, कक्षा २ को ३८.०५ %, कक्षा ३ को ३५.५%, कक्षा ४ को ३९.४५ % र कक्षा ५ को ४३.५ % रहेको देखिन्छ। कक्षा ३ को शैक्षिक उपलब्धि सवभन्दा कम र कक्षा ५ को सबभन्दा बढी रहेको देखिन्छ। सबै कक्षाको सबै विषयको शैक्षिक उपलब्धि ५०% भन्दा कम रहेको पाइयो । कक्षागत तथा विषयगतरुपमा शैक्षिक उपलब्धि अध्ययन गर्दा  नेपालीमा ३०.८७ %, गणितमा

२७.०८ %, सेरोफेरोमा ४०%, इच्छाधिन ४३.५७%, शारीरिक ४९.८८%, सृजनात्मक तथा अभिव्यक्तिशील कला ४६.५% अंग्रेजी ३४% र वातावरण ४०.५% रहेको देखिन्छ । गणितमा सबभन्दा कम शैक्षिक उपलब्धि र शारीरिकमा सबैभन्दा बढि शैक्षिक उपलब्धि रहेको देखिन्छ । विषयगत रुपमा हेर्दा पनि औसत अङ्क ५०% भन्दा कम रहेको देखिन्छ ।

**विद्यार्थीको शैक्षिक उपलब्धि (शैक्षिक सत्र-०६५)**

**तालिका नं.-९**

| क्र.सं. | कक्षा | नेपाली | गणित | सेरोफेरो | इच्छाधीन | शारीरिक | सि.अ.क. | अंग्रेजी | वातावरण | औषत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ४१.५ | ४८.२ | ४४.५ | ४१.५ | ४८.५ | ४६ | ४२.५ | - | ४४.६७ |
| २ | २ | ३२.५ | ३६.१ | ४० | ४५ | ५३ | ४० | ३६ | - | ४०.३७ |
| ३ | ३ | ३९.७ | ४०.८ | ४७ | ४४.८ | ४८ | ४६.८ | २९ | - | ४२.१ |
| ४ | ४ | २६ | ३० | ४५.७ | ३५.५ | ४२ | ४३.१ | ३८ | ३५ | ४२.१८ |
| ५ | ५ | ३८ | ३७.५ | ४४.५ | ४४.५ | ४८ | ४२ | ४० | ४०.७५ | ४१.९ |
| **औषत** | | **३५.५४** | **३८.५२** | **४४.३४** | **४२.२६** | **४७.९** | **४३.५८** | **३७.१** | **३७.८७** | |

*स्रोत- स्थलगत अध्ययन २०६५*

माथिको तालिका नं. ९ लाई अध्ययन गर्दा शैक्षिकसत्र ०६५ मा दलित विद्यार्थीहरूको कक्षागत औसत उपलब्धि हेर्दा कक्षा १ को ४४.६७%, कक्षा २ को ४०.३७%, कक्षा ३ को ४२.१%, कक्षा ४ को ४२.१८%र कक्षा ५ मा ४१.९% रहेको देखिन्छ । कक्षागत रुपमा हेर्दा कक्षा १ को औसत शैक्षिक उपलब्धि सबभन्दा बढी र कक्षा २ को औसत शैक्षिक उपलब्धि सबभन्दा कम देखिन्छ । विषयगत रुपमा कक्षा १-५ को औसत शैक्षिक उपलब्धिलाई हेर्दा नेपाली ३५.५४%, गणितमा ३८.५२%, सेरोफेरोमा ४४.३४%, इच्छाधिन ४३.५७%, शारीरिक ४७.९%, सृजनात्मक तथा अभिव्यक्तिशील कला

४३.५८%, अंग्रेजी ३७.१% र वातावरण ३७.८७% रहेको देखिन्छ । नेपालीमा सबभन्दा कम शैक्षिक उपलब्धि र शारीरिकमा सबैभन्दा बढी शैक्षिक उपलब्धि रहेको देखिन्छ ।

माथिका तालिकाहरू ८ र ९ को अध्ययन गर्दा दलित विद्यार्थीहरूको विषयगत औसत उपलव्धि कक्षागत रुपमा नेपाली, गणित, अंग्रेजीमा निकै न्यून रहेको र अन्य विषयहरूमा पनि औसत प्रतिशतमा उपलव्धि प्राप्त गरेको छ । शै. स. ०६४ मा भन्दा शै. स. ०६५ मा विषयगत रुपमा उपलव्धि स्तर केही सुधार भएको छ । यसबाट दलित विद्यार्थीहरूको लागि नेपाली, गणित, अंग्रेजी विषय कठिन भएको देखिन्छ ।

## ५ शैक्षिक सत्र २०६४र ०६५ दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन :

शैक्षिक सत्र २०६४ र ०६५ को दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन निम्नअनुसार तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. १०**

| सिं.नं. | कक्षा | २०६४ साल | २०६५ साल | बढेको | घटेको |
|---|---|---|---|---|---|
| १. | १ | ३८.६७ | ४४.६७ | ६ | |
| २. | २ | ३८.५० | ४०.३७ | १.८७ | |
| ३. | ३ | ३५.५० | ४२.१० | ६.६० | |
| ४. | ४ | ३९.४५ | ४२.१८ | २.७३ | |
| ५. | ५ | ४३ | ४१.९० | | १.१० |

*स्रोत :स्थलगत अध्ययन २०६४। २०६५*

२०६४ र २०६५ सालमा दलित विद्यार्थीको शैक्षिक उपलब्धिलाई नियाल्दा कक्षा १ देखि ४ सम्म उपलब्धि बढेको स्थिति देखिन्छ भने २०६५ सालमा कक्षा ५ को शैक्षिक उपलब्धि २०६४ को तुलनामा घटेकोछ ।

## ६. दलित विद्यार्थीको कक्षा छाड्ने र उतीर्ण दर

दलित विद्यार्थीहरूको कक्षा ५ को कक्षा छाड्ने, उत्तीर्ण हुने अवस्था अध्ययन गर्न सोधकर्ताले स्थलगत अध्ययन गर्दा शैक्षिक सत्र २०६४ को भर्ना, परीक्षामा सम्मिलित र उत्तीर्ण अवस्था यस प्रकार रहेको पाइयो ।

## कक्षा छाड्ने र उतीर्ण दर

### तालिका नं.-११

| क्र. सं. | विद्यालयको नाम | ०६३ को भर्ना | | ०६५ | | | | कक्षा छाड्ने | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परीक्षामा सामेल | | उत्तीर्ण | | | |
| | | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा |
| १ | जनपथ मा.वि. बिराटनगर-१५ | ६ | ३ | ४ | २ | ४ | २ | २ | १ |
| २ | महेन्द्र मा.वि. बिराटनगर-११ | ३ | २ | २ | २ | २ | २ | १ | - |
| ३ | बिराट नि.मा.वि.-२ | २ | २ | १ | २ | १ | १ | - | - |
| ४ | शिक्षा सदन-७ | ४ | ६ | ३ | ५ | ३ | ३ | १ | २ |
| ५ | बाल नि.मा.वि.-१८ | ४ | ७ | ३ | ७ | ३ | ७ | १ | - |
| ६ | अरुणोदय प्रा.वि.-१५ | २ | १ | १ | १ | - | - | १ | - |
| ७ | नारायण प्रा.वि.-१३ | १ | १ | - | १ | - | १ | १ | - |
| ८ | भानु मोरङ प्रा.वि.-१२ | १ | ८ | - | ५ | - | ५ | १ | ३ |
| ९ | शिक्षा प्रा.वि.-११ | २ | २ | २ | २ | २ | २ | - | - |
| १० | आदर्श प्रा.वि. -१३ | ४ | ५ | ३ | ५ | ३ | ५ | १ | - |
| ११ | शहिद प्रा.वि.-४ | २ | ३ | १ | १ | १ | १ | १ | २ |
| १२ | धरणीधर प्रा.वि.-७ | - | २ | - | २ | - | २ | - | - |
| १३ | जनता प्रा.वि.-१६ | २ | २ | - | २ | - | २ | - | - |
| | **जम्मा** | **३३** | **३९** | **२०** | **३६** | **१९** | **३३** | **१०** | **८** |
| **जम्मा प्रतिशत** | | | | **६०** | **९२** | **५७** | **८४** | **३६.७६** | **२०.५०** |

*स्रोत-विद्यालय अभिलेख २०६५*

शै. स. ०६३ मा  प्रा. वि तहको अन्तिम परीक्षा कक्षा ५ मा भर्ना भएका केटी ३३ जना मध्ये परीक्षामा २० जना सामेल भई १९ जना उतीर्ण (५७%) भएको र १२ जना (३६%) केटीहरूको कक्षा छोड्ने दर देखिन्छ । त्यसरी नै ३३ जना केटाहरू भर्ना भएका मध्ये परीक्षामा ३६ जना (९२%) सामेल भएका र ३३ जना (८४%) उतीर्ण भएको देखिन्छ भने ८ जना (२०.५%) ले कक्षा तालिकामा छोडेको पाइन्छ । परीक्षामा सामेल हुने दर र उतीर्ण हुने दर केटीहरूमा केटाहरू भन्दा न्यून देखिन्छ भने कक्षा छाड्ने दर केटीहरूमा वढी देखिन्छ ।

## ४.२. दलित विद्यार्थिहरूबारे सम्वन्धित प्र.अ. तथा शिक्षकहरूबाट प्राप्त प्रतिक्रियाको स्थिति

दलित विद्यार्थीहरूको शैक्षिक अवस्था बुझ्नको लागि विद्यालयका प्रधानाध्यापक, तथा शिक्षकहरूलाई विद्यालयमा दलित विद्यार्थीहरूको नियमितता, नियमित नहुनका कारण, कक्षामा सहभागिता, शैक्षिक उपलब्धी स्तर, गृहकार्य गर्ने वा नगर्ने, शैक्षिक सामाग्रीको उपलब्धता, शिक्षक तथा अन्य विद्यार्थीहरूको दलित विद्यार्थीप्रति व्यवहार, अभिभावकको बालबालिकाको पढाइ प्रति चासो, दलित विद्यार्थीलाई प्रदान गरिने छात्रावृतिको अवस्था वारेमा प्रश्नावली निर्माण तथा अन्तर्क्रिया गरेर उनीहरूको धारणाको निचोड निकालिएको थियो । सो निचोड यसप्रकार रहेको पाइयो ।

### १. विद्यालयमा विद्यार्थीको नियमितता

विद्यालयमा दलित विद्यार्थीहरूको उपस्थिति कस्तो छ ? भनेर प्रधानाध्यापक तथा शिक्षकहरूलाई सोधिएको थियो । उनीहरूबाट प्राप्त प्रतिक्रिया यसप्रकार पाइयो । दलित विद्यार्थीहरूको विद्यालयमा नियमितता राम्रो भन्ने सङ्ख्या ११(२५%), ठिकै भन्ने सङ्ख्या ११(२५%) र राम्रा  होइन भन्ने सङ्ख्या १९(४३%) देखिन्छ । यस अध्ययनबाट दलित विद्यार्थीहरूको उपस्थिति औसतभन्दा राम्रो रहेको पाइयो ।

## २. दलित विद्यार्थीहरू नियमित नहुने कारण

विद्यालयमा दलित विद्यार्थीहरू नियमित किन हुदैनन् ? भनेर प्रधानाध्यापक तथा शिक्षकहरूलाई सोधिएको थियो । उनीहरूबाट प्राप्त प्रतिक्रिया यस प्रकार पाइयो । दलित विद्यार्थीहरू नियमित नहुने कारणमा ७(३६.८%) आर्थिक अवस्था कमजोर भएर भन्ने सङ्ख्या ९(४७.३%) अभिभावकहरूमा चेतना नभएर र विद्यार्थीहरूसँग कापी कलम नभएर भन्नेको सङ्ख्या १(५.२%) रहेको देखिन्छ । विद्यार्थीहरू नियमित नहुनुमा अभिभावकको आर्थिक अवस्था र चेतनाले महत्वपूर्ण भूमिका खेलेको देखियो ।

## ३. दलित विद्यार्थीहरूको कक्षामा सहभागिता

विद्यालयमा दलित विद्यार्थीहरूको कक्षामा सहभागिता छ ? भनेर प्रधानाध्यापक तथा शिक्षकहरूलाई सोधिएको थियो । उनीहरूबाट प्राप्त प्रतिक्रिया यस प्रकार पाइयो । दलित विद्यार्थीहरूको कक्षामा सहभागिता सक्रिय छ भन्ने सङ्ख्या १६(३६.३%), ठीकै छ भन्ने २२(५०%) र उनीहरूको कक्षामा सहभागिता निष्कृय छ भन्ने सङ्ख्या ३(७%) रहेको देखिन्छ । दलित विद्यार्थीहरूको कक्षामा सहभागिता सन्तोषजनक रहेको पाइयो ।

## ४. दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि स्तर

विद्यालयमा दलित विद्यार्थीहरूको कक्षामा सहभागिता कस्तो छ ? भनेर प्रधानाध्यापक तथा शिक्षकहरूलाई सोधिएको थियो । उनीहरूबाट प्राप्त प्रतिक्रिया यस प्रकार पाइयो । दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धिस्तर राम्रो छ भन्ने शिक्षकहरूको सङ्ख्या ९ (२०.४%), ठीकै छ भन्ने सङ्ख्या २४(५४%) र नराम्रो भन्ने सङ्ख्या १५(२७%) देखिन्छ ।

दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि स्तर औसत रहेको पाइयो ।

## ५. दलित विद्यार्थीहरूले गृहकार्य गर्ने स्थिति

विद्यालयमा दलित विद्यार्थीहरूको गृहकार्य गरेर ल्याउँछन् ? भनेर प्रधानाध्यापक तथा शिक्षकहरूलाई सोधिएको थियो । उनीहरूबाट प्राप्त प्रतिक्रिया यसप्रकार पाइयो । दलित विद्यार्थीहरूले घरमा गरेर ल्याउनु भनेको कार्य गरेर ल्याउछन् भन्ने सङ्ख्या ७(१६%), कहिलेकाँहि गरेर ल्याउछन् भन्ने सङ्ख्या २५(५६.८%) र गर्दैनन् भन्ने सङ्ख्या ११(२५%) देखिन्छ । दलित विद्यार्थीहरूलाई घरमा सहयोग गर्ने नभएको हुनाले धैरैजसोले गृहकार्य गर्ने गरेको पाइएन ।

## ६. दलित विद्यार्थीहरूमा शैक्षिक सामग्रीको उपलब्धता

दलित विद्यार्थीहरूलाई आवश्यक पर्ने शैक्षिक सामग्री सबैलाई उपलब्ध हुन्छ ? भनेर प्रधानाध्यापक तथा शिक्षकहरूलाई सोधिएको थियो । उनीहरूबाट प्राप्त प्रतिक्रिया यस प्रकार पाइयो । विद्यार्थीहरूलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरू उपलब्ध सवैको भन्ने सङ्ख्या २१(४६.६%), केहीको भन्ने सङ्ख्या ८(१७.७%) र धेरैको छैन भन्ने सङ्ख्या १६(३५.५%) देखिन्छ ।

## ७. दलित विद्यार्थीसँग शिक्षकको व्यवहार

विद्यालयमा दलित विद्यार्थीहरूलाई अन्य विद्यार्थी सरह खानपिन गर्दा र गर्ने व्यवहार गैर दलित सरह र शिक्षकले गर्ने व्यवहार मित्रवत् देखियो ।

## ८. अभिभावकको आफ्नो छोराछोरीको पढाइप्रति चासो

दलित अभिभावकहरूले बालबालिकाहरूको पढाइ प्रति कत्तिको चासो राख्छन् ? भनेर प्र.अ. तथा शिक्षकहरूलाई सोधिएको थियो । उनीहरूबाट प्राप्त प्रतिक्रिया यसप्रकार पाइयो ।

अभिभावकहरूले आफ्नो छोराछोरीहरूको पढाइ सम्वन्धमा शिक्षक तथा प्र. अ.सँग चासो राख्छन् भन्नेमा ८(१९%), केही चासो राख्दैनन् भन्ने सङ्ख्या १२(२८.७%) र चासो

राख्दैनन् भन्ने सङ्ख्या २४(५५%) देखिन्छ । आफ्नो  छोराछोरी पास वा फेल के भए भन्ने चासो राखेको देखिन्छ । आफ्नो छोराछोरीको पढाइप्रति खासै चासो राखेको पाइएन ।

### ९. दलित विद्यार्थीहरूमा छात्रवृत्तिको अवस्था

दलित विद्यार्थीहरूको विद्यालयमा पहुँच बढाउन, नियमितता कायम गर्न, शैक्षिक उपलब्धि बढाउन के के छात्रवृत्ति प्रदान गरिन्छ ? र  पर्याप्त छ कि छैन ? भनेर सोधिएको थियो । उनीहरूबाट प्राप्त प्रतिक्रिया यस प्रकार पाइयो ।

सवै दलित बिद्यार्थीहरूलाई छात्रवृत्ति (सरकारले व्यवस्था गरे अनुसार) दिने गरेको र सो रकम अपुग भएकोले वढाउनु पर्ने, छात्रवृतिकै लागि पनि विद्यार्थीहरू विद्यालय आउने गरेका हुन् । उनीहरूलाई आवश्यक पर्ने शैक्षिक सामग्री व्यवस्था गर्न पुग्ने छात्रवृत्ति व्यवस्था गर्नुपर्ने देखियो ।

## ४.३. दलित विद्यार्थीहरूसँग गरिएको प्रश्नहरूको उनीहरूबाट प्राप्त प्रतिक्रियाको अवस्था

दलित विद्यार्थीहरूको शैक्षिक अवस्था अध्ययन गर्न उनीहरूलाई नै प्रश्नावली भराएर तथा अर्न्तक्रिया गरेर शैक्षिक सामग्रीको उपलब्धता, घरमा पढ्न पाउने अवसर र मात्रा,नियमितता, पढाइमा घरमा सहयोग, विद्यालय जाने स्रोत, विद्यालय जानुको कारण, विद्यालय प्रति रुचि, शिक्षकले गर्ने व्यवहार, छात्रवृत्तिको पहुँच र प्रयोग सम्बन्धमा सोधिएको थियो ।

### १. शैक्षिक सामग्री (कापी, कलम) को उपलब्धताको स्थिति

तिमीहरूलाई आवश्यक पर्ने कापी, किताब, कलम तथा अन्य शैक्षिक सामग्री पाउछौ भनेर सोधिएको थियो । उनीहरूबाट प्राप्त प्रतिक्रिया यसप्रकार रहेको पाइयो ।

दलित विद्यार्थीले आफूलाई आवश्यक पर्ने शैक्षिक सामग्री (कापी, कलम आदि) पुग्दो छ भन्ने सङ्ख्या २१(४६.६%) र पुग्दो छैन भन्ने सङ्ख्या २४(५३.३%) देखिन्छ । दलित

विद्यार्थीहरूलाई आवश्यक पर्ने शैक्षिक सामग्री उपलब्ध हुँने गरेको पाइएन । यसबाट पनि उनीहरूको पढाइमा असर परेको पाइयो ।

**२ . घरमा पढ्ने मात्राको अवस्था**

दलित विद्यार्थीहरूलाई तिमी घरमा कत्तिको पढ्छौ भनेर सोधिएको थियो । उनीहरूबाट प्राप्त प्रतिक्रिया यसप्रकार पाइयो । दलित विद्यार्थीहरू घरमा धेरै पढ्नेको सङ्ख्या ११(२४.१%), अलिअलि पढ्नेको सङ्ख्या २९(६४.४%), पढ्दिन भन्नेको सङ्ख्या १(२.२%) र भ्याउँदिन भन्नेको सङ्ख्या ४(८.८%) रहेको छ । सामान्यत दलित विद्यार्थीहरू घरमा पढ्ने गरेको पाइयो ।

**३. विद्यार्थीको विद्यालयमा नियमितताको अवस्था**

दलित विद्याार्थीलाई तिमी सधैं विद्यालय जान्छौ ? भनेर सोधिएको थियो । उनीहरूको प्रतिक्रिया यस प्रकार रहेको पाइयो । दलित विद्यार्थीहरू विद्यालयमा नियमित जानेको सख्या २२(४८.८%), धेरैजसो जाने सङ्ख्या १३(२८.८%) र कहिलेकाही जाने सङ्ख्या ९(२०%) रहेको देखिन्छ । विद्यार्थीको नियमितता सन्तोषजनक नै रहेको पाइयो । उनीहरूमा विद्यालय जानु पर्छ भन्ने भावना जागृत भएको पाइयो ।

**४. घरमा पढाइमा सहयोगको अवस्था**

दलित विद्यार्थीलाई घरमा पढाइमा मार्ग निर्देशन गर्ने अवस्था निम्नानुसार पाइयो । दलित विद्यार्थीहरू आफूलाई घरमा दाजु, दिदी, आमाले सिकाउने सङ्ख्या १९(४२.३%) र कसैले पनि नसिकाउने सङ्ख्या २६(५७.७%) रहेको देखिन्छ । आफ्नो बालबालिकाहरूलाई घरमा पढाइमा सहयोग गर्न अभिभावकको महत्वपूर्ण भूमिका रहेंतापनि पढाइमा सहयोग गर्ने गरेको पाइएन ।

**५. विद्यालय जाने स्रोत**

तिमीलाई विद्यालय जान कसले भनेको भनेर सोध्दा उनीहरूको प्रतिक्रिया यसप्रकार रहेको पाइयो । आमा बाबुले विद्यालयमा पढ्न जानु पर्छ भन्ने सङ्ख्या ३०(८८%), साथीले भन्ने सङ्ख्या ३(९%) र सरले जानुपर्छ भन्ने सङ्ख्या १(३%) रहेको देखिन्छ । यसबाट दलितहरमा पनि पढाउनु पर्छ भन्ने भावना जागृत भएको पाइयो ।

## ६. विद्यार्थीको विद्यालय प्रति रुचि

तिमीलाई विद्यालय जान मन लाग्छ ? भनेर दलित विद्यार्थीहरूलाई प्रश्नावली भराइएको तथा अन्तर्क्रिया गरिएको थियो । उनीहरूको प्रतिक्रिया यसप्रकार रहेको पाइयो । विद्यालयमा जान मन लाग्छ भन्दा धेरै मन लाग्छ भन्नेको सङ्ख्या १२(२८%), लाग्छ मात्र भन्नेको सङ्ख्या ३१(७२%) र लाग्दैन भन्नेको सङ्ख्या नभएको देखिन्छ ।

## ७. विद्यालय जानुको कारण

तिमी विद्यालय किन जान्छौ ? भनेर सोधिएको थियो । प्रतिक्रिया यसप्रकार रहेको पाइयो । विद्यालयमा पढ्न किन आएको भन्ने प्रश्नमा पढेर ठूलो मान्छेहुँन भन्ने सङ्ख्या ६ (१८.२%), विद्यालयमा साथीहरूसँग खेल्न पाइन्छ भन्ने सङ्ख्या ७(२१.२%) र पढ्न लेख्न जान्ने हुँन भन्ने सङ्ख्या २०(६०.६%) रहेको देखिन्छ । दलित विद्यार्थीहरू पढाइ प्रति सकारात्मक धारणा आएको देखिन्छ ।

## ८. दलित विद्यार्थीलाई शिक्षकले गर्ने व्यवहारको अवस्था

दलित विद्यार्थीहरूलाई शिक्षकले गर्ने व्यवहार सम्बन्धमा उनीहरूको प्रतिक्रिया यसप्रकार पाइयो । तिमीलाई शिक्षक तथा शिक्षिकाहरूले कस्तो व्यवहार गर्नुहुन्छ ? भन्ने प्रश्नमा माया गर्नुहुन्छ भन्नेको सङ्ख्या २१(४५.६%), अरु विद्यार्थीसरह व्यवहार गर्नुहुन्छ भन्ने सङ्ख्या २५(५४.४%), नराम्रो र विद्यालय छोडुँ जस्तो लाग्छ भन्नेको सङ्ख्या शून्य रहेको देखिन्छ । विद्यालयमा दलित विद्यार्थीहरूलाई शिक्षकहरूले अन्य गैर-दलित विद्यार्थी सरह व्यवहार गर्ने गरेको र दलित र गैर दलित बीच भेदभाव नभएको पाइयो ।

### ९. छात्रवृति र उपयोगको स्थिति

प्रश्न भराइएका सवै विद्यार्थीहरूले छात्रवृत्ति पाएको, छात्रवृतिको रकम वुबालाई दिने गरेको र कापी, कलम, पोसाक किन्ने गरेको पाइयो ।

## ४.४ अभिभावकहरूलाई सोधिएको प्रश्नको प्रतिक्रियाको अवस्था

दलित अभिभावकहरूको शिक्षा प्रतिको दृष्टिकोण तथा उनीहरूको अवस्था अध्ययन गर्नको लागि खुल्ला प्रश्न र छलफल अन्तर्क्रिया गरेर पारीवारिक स्थिति, पेशा, जग्गा जमीनको स्वमीत्व, साक्षरता, घरबाट विद्यालयको दूरी, छोराछोरीलाई घरमा पढ्न दिने अवसर, शैक्षिक सामग्रीको उपलब्धता, छोराछोरीको पढाइ प्रति शिक्षकको चासो, शैक्षिक सामग्रीको उपलब्धता सम्बन्धमा उनीहरूको शिक्षा प्रतिको दृष्टिकोणको सार यसप्रकार रहेको पाइयो ।

### १ परिवारका सदस्य सङ्ख्याको अवस्था

उनीहरूको परिवार सङ्ख्या यस्ता रहेको पाइयो । दलित विद्यार्थीको घरमा परिवार सङ्ख्या ३-५ हुने सङ्ख्या ९(३६%), ६-८ सदस्य परिवार सङ्ख्या १४(५६%), ९-११ सदस्यीय परिवार सङ्ख्या रहेको २(८%) छ । औसत परिवार सङ्ख्या ६.१ छ र ६-८ परिवार सदस्य हुने सङ्ख्या अधिकतम रहेको छ । न्युनतम ३ जना र अधिकतम ११ जनासम्म सदस्यहरू रहेको छ । अधिकांश दलित परिवारको परिवार सङ्ख्या औसतभन्दा ठूलो रहेको पाइयो ।

### २ अभिभावकले अंगालेको पेशा

दलितहरू निम्नानुसारका विभिन्न पेशामा संलग्न रहेको पाइयो ।

**अभिभावकको पेशा**

**तालिका नं. १२**

| पेशा | प्रतिशत | पेशा | प्रतिशत |
|---|---|---|---|
| जुत्ता सिलाई | ३(१२%) | मजदुरी | ३(१२%) |
| लुगा सिलाई | ३(१२%) | कृषि | २(८%) |
| फलामको काम | ४(१६%) | रिक्सा चलाउने | ४(१६%) |
| काठको काम | ४(१६%) | सरसफाइ | ३(१२%) |

दलित विद्यार्थीको अभिभावकहरूले अपनाएका पेशामा जुत्ता सिलाई गर्ने ३(१२%), दैनिक मजदुरी गर्ने ३(१२%), लुगा सिलाई गर्ने ३(१२%), कृषि कार्यमा संलग्नता २(८%), रिक्सा चलाई गुजारा गर्ने ४(१६%), काठको काम गर्ने ४(१६%) र सफाइ गर्ने ३(१२%) रहेको छ ।

## ३ समयमा छोराछोरीलाई शैक्षिक सामाग्री, पोशाक उपलब्धताको अवस्था

तपाईँ छोराछोरीलाई आवश्यक पर्ने कापी, कलम, किताव, पोसाक तथा अन्य सामग्री समयमा र पुग्दो उपलब्ध गराउनु हुन्छ ? भनेर सोधिएको थियो । उनीहरूबाट प्राप्त प्रतिक्रिया यसप्रकार रहेको पाइयो । माथिको तालिका अध्ययन गर्दा आफ्नो छोराछोरी लाई शैक्षिक सामग्रीहरू तथा पोशाक समयमा नै उपलब्ध गराउने सङ्ख्या ५(२०%), समयमा मुस्किलले उपलब्ध गराउने सङ्ख्या ११(४४%) र उपलब्ध गराउन सकिंदैन भन्ने सङ्ख्या ९(३६%) रहेको छ । आफ्नो छोराछोरीलाई समयमा र पुग्दो शैक्षिक सामग्री उपलब्ध गराउन नसकेको पाइयो ।

## ४. छोराछोरीको पढाइ प्रति शिक्षकसँग चासो

आफ्नो छोराछोरीको पढाइप्रति शिक्षकले कतिको जानकारी दिनुहन्छ ? भनेर सोधिएको थियो । उनहिरूको प्रतिक्रिया यसप्रकार रहको पाइयो । अभिभावकहरूले आफ्नो छोराछोरीको पढाइप्रति खासै चासो राखेको देखिदैन । उनीहरुबाट आएको जवाफको आधारमा चासो राख्नेको सङ्ख्या १०(४०%) र चासो नराख्नेको सङ्ख्या अधिकतम् १५(६०%) रहेको देखिन्छ । दलित विद्यार्थीका अभिभावकलाई उनहिरूका छोराछोरीको पढाइ,

विद्यालयमा नियमितता र प्रगति सम्बन्धमा शिक्षकबाट अभिभावकलाई जानकारी दिने गरेको पाइएन ।

**५. छोराछोरीको पढाइ सम्वन्धमा शिक्षकबाट जानकारी**

आफ्नो छोराछोरीको पढाइ सम्बन्धमा शिक्षकसँग कतिको चासो राख्नु हन्छ ? र कसरी भनेर सोधिएको थियो । उनीहरूको प्रतिक्रिया यसप्रकार रहेको पाइयो । आफ्नो छोराछोरीको पढाइ-लेखाइ सम्वन्धमा शिक्षकले अभिभावकहरूलाई जानकारी दिने सङ्ख्या ९(३६%) र भेट भएको समयमा मात्र दिने गरेको र अधिकतम् अभिभावकहरूलाई १६(६४%), जानकारी दिने गरेको देखिंदैन । आफ्नो छोराछोरीको पढाइ सम्बन्धमा शिक्षकसँग जानकारी लिने,चासो राख्ने गरेको पाइएन ।

# परिच्छेद -पा“च

# प्राप्ति, निष्कर्ष र सिफारिसहरू

## ५.१. प्राप्ति :

यस अध्ययनको प्राप्तिहरू निम्नानुसार रहेको छ । परिवारको आर्थिक दुरावस्थाको कारणले दलित बालबालिकाको शिक्षामा प्रत्यक्ष प्रभाव पारेको छ । दलितहरूको जग्गा जमिन नगन्य भएको र स्थायी आम्दानीको स्रोत नभएकाले सधैं खानेलाउने समस्याले गाँजिरहने हुनाले चाहेर पनि आफ्नो  बालबालिका लाई पढाउन सकिरहेका छैनन् । अधिकांश दलित परिवारको आय आर्जनको बाटो परम्परागत पुर्ख्यौली पेशा संकटमा परी आय आर्जन न्यून रहेको छ ।

दलित परिवारको औसत परिवार सङ्ख्या ठूलो छ । दलित परिवारहरू तुलनात्मक रुपमा अशिक्षित एवं न्यून चेतनास्तर भएकोले छोराछोरीको पढाइको लागि घरमा अनुकूल वातावरण छैन । दलित परिवारमा छोराछोरीलाई पढाउनु पर्ने भन्ने भावना क्रमशः जागृत हुँदै गएको छ तर छोराछोरीलाई विद्यालय पठाउनमा मात्र अभिभावकको दायित्व सीमित रहेको छ । घरैबाट विद्यालय नजिकै भए तापनि भर्ना भएका दलित विद्यार्थीहरूको नियमितता छैन । दलित विद्यार्थीहरूको कक्षामा सहभागिता सन्तोषजनक छ तापनि शैक्षिक उपलब्धी न्यून छ । दलित विद्यार्थीहरूको लागि आवश्यक पर्ने शैक्षिक सामाग्री, पोशाक आदि उपलब्ध कम छ र उपलब्ध हुँदा पनि समयमा हुँन सकेको छैन ।

शिक्षकहरूले दलित र गैह्र दलित विद्यार्थीहरूले दलित विद्यार्थीहरूमाथि गर्ने व्यवहार सवैलाई प्रायः समान छ । दलित विद्यार्थीहरू विद्यालयमा पढ्न लेख्न भन्दा पनि साथीसंग खेल्न, रमाइलो गर्न, विद्यालय जान रुचि राख्छन् । विद्यालयमा खासै जातीय भेदभाव नभए पनि दलित विद्यार्थी वसेको समाजमा भेदभाव व्याप्त छ ।

दलित बालबालिकाहरूको विद्यालय प्रवेश ढिलो छ र बिचैमा छाड्नेको सङ्ख्या अधिक छ । दलित विद्यार्थीको परीक्षा उतीर्ण दर न्यून छ । शिक्षा आर्जन गरेका दलित युवाहरू वेरोजगार रहेको हुनु र जागीर खान आफ्नै मान्छेको पहुँच चाहिन्छ भन्ने भावनाले पढेर

के काम ? भन्ने मानसिकता छ । दलित विद्यार्थीहरूले घरमा काम गर्नु पर्ने वाध्यता छ जसले गर्दा विद्यालय जान पाउँदैनन् । आफ्नो छोराछोरीको पढाइसम्वन्धी अभिभावकहरूले कमै चासो लिने गरेको छ । चासो लिई हाले पनि पास र फेलमा मात्र केन्द्रित छ । दलित बालबालिकाहरू अनुत्तीर्ण भएपछि पढ्न छोड्ने गरेका छन् । शिक्षकले दलित बालबालिकाहरूको शैक्षिक गतिविधिसम्वन्धमा अभिभावकलाई जानकारी, मार्गनिर्देशन गर्ने परिपाटी छैन । दलित बालबालिकाहरूमा पढेर भविष्यमा जीवन निर्वाह गर्ने, ठूलो मान्छे हुने भावना जागृत भएको छ ।

दलित बालबालिकाहरूलाई विद्यालय प्रति आकर्षित गर्न, नियमितता कायम राख्न छात्रवृत्तिको व्यवस्था भएको छ । तर छात्रवृत्तिको रकम अपर्याप्त छ । छात्रवृतिको रकम अभिभावकाले लिने हुँदा विद्यार्थीको लागि शैक्षिक सामग्री, पोशाक आदिमा खर्च हुन्छ भन्न सकिदैन किनकि परिवारमा निर्णय घरमुलीबाट गरिन्छ । छात्रवृत्तिले दलित बालबालिकाहरूलाई विद्यालय प्रति आकर्षित गरेको छ तर अधिकांशको छात्रवृत्तिको लागि मात्र विद्यालयमा भर्ना हुने गरेका छन् ।

विद्यालयमा शिक्षण क्रियाकलाप वालमैत्री वातावरणमा छैन । शिक्षण सिकाई क्रियाकलापको माध्यम नेपाली भाषा अधिकांश दलित विद्यार्थीको लागि दोस्रो भाषा पर्छ । विद्यालयको भौतिक संरचनाले पनि विद्यार्थीको पढाइमा प्रभाव पार्दछ । विद्यालयको भौतिक अवस्था विद्यार्थीको अनुकूल छैन । दलित अभिभावकलाई सशक्तिकरण तथा बालबालिकालाई पढाउनु पर्छ भन्ने चेतना दिने सामाजिक अगुवाको अभाव छ ।

## ५.२. निष्कर्ष :

दलित समुदायको आर्थिक विपन्नता, सामाजिक भेदभाव एवं दलित स्वयंको न्यून चेतनाको अवस्था दलित बालबालिकाहरूको शिक्षामा सशभागिता बाधक तत्व देखियो । गैरदलित जागीर खाने तर समकालीन शिक्षित दलित अवसर नपाई वेरोजगार रहेको यथार्थले गर्दा दलितले पढेर केहि हुदैन भन्ने भावना दलितहरूमा व्याप्त छ । त्यसैले पढाइ, लेखाइ उनीहरूको प्राथमिकता क्षेत्रमा पर्दैन । विद्यार्थीको लागि साधारण खर्च, कापी, कलम, पोशाक आदि उपलव्ध गराउन नसकेर पनि पढाइ प्रभावित भएको छ ।

दलित समुदायको आर्थिक, सामाजिक, राजनैतिक एवं शैक्षिक विकास गर्न राज्यको तर्फबाट विशेष नीति तथा कार्यक्रम वनाई कार्यान्वयन गरी मूल प्रवाहिकरणमा ल्याउनु पर्छ र त्यस्ता कार्यक्रम कार्यान्वयन गर्दा दलित र गैह्र दलितको समान सहभागितामा गर्नुपर्छ ।

## ५.३. सिफारिसहरू

दलित बालबालिकाहरुको शैक्षिक स्थितिमा सुधार ल्याउन र तिनका अभिभावकको शिक्षा प्रतिको वर्तमान अवधारणा परिवर्तन गरी सकरात्मक धारणा विकास गर्न दलित समुदायमा चेतनाकरण गरी पढ्नु पर्छ र पढाउनु पर्छ भन्ने शैक्षिक जागरण ल्याउनु पर्छ । यसका लागि विशेष गरी गैरसरकारी संस्था, स्थानीय संघ संस्था एवं स्थानीय निकायले भूमिका निर्वाह गर्नु पर्छ । विद्यालयको हरेक क्रियाकलापमा दलित अभिभावकलाई संलग्न गराउनु पर्छ । दलित अभिभावकहरूलाई सचेतना जगाउन विद्यालयले घरदैलो, अभिभावक भेला जस्ता कार्यक्रम गर्नु पर्छ । दलित प्रतिको दृष्टिकोण परिवर्तन गर्न गैर दलितहरूको लागि पनि सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

दलितहरूको आर्थिक अवस्थामा सुधार ल्याउन दलितहरूको लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्नुपर्छ । अशिक्षित दलित अभिभावक तथा विद्यालय जान नसकेका दलित वाललालिकाहरूको लागि सीपमूलक साक्षरता कार्यक्रम संचालन गर्नु पर्दछ । दलितहरूलाई आफ्नो पेशा वा व्यववसाय संचालन गर्न तथा अन्य आय आर्जन हुने व्यवसाय संचालन गर्न अनुदान तथा निर्व्याजी ऋण प्रवाह गरिनु पर्छ । दलितहरूको आर्थिक उन्नति गर्न उनीहरूले अंगालेको पेशालाई आधुनिकीकरण गर्नु पर्छ ।

शिक्षकले दलित विद्यार्थीहरूका अभिभावकलाई समय-समयमा भेटघाट गरेर विद्यार्थीको शैक्षिक अवस्थावारे जानकारी दिनुपर्छ । विद्यालय उमेरका दलित बालबालिकाहरको तथ्याङ्क संकलन गरी अभियानको रुपमा विद्यालय भर्ना कार्यक्रम संचालन गर्नुपर्छ । दलित विद्यार्थीलाई दिने छात्रवृतिको रकम बृद्धि गरी उसको शैक्षिक हितको लागि खर्च गर्ने संयन्त्र वनाउनुपर्छ । शिक्षण क्रियाकलाप वालमैत्री वातावरण वनाउनु पर्छ ।

विद्यालयले साप्ताहिक रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरी दलित विद्यार्थीको प्रतिभा प्रष्फुटन गर्ने वातावरण सिर्जना गर्नुपर्छ ।

दलित समुदायको आर्थिक सामाजिक, राजनैतिक एवं शैक्षिक स्थितिको अध्ययन गरी दलित समुदायको उत्थान तथा विकासको लागि सामाजिक न्याय, सशक्तिकरण र मूल प्रवाहिकरण गर्न राज्यले विशेष नीति तथा कार्यक्रम बनाई गैर दलित र दलितको संलग्नतामा कार्यक्रम कार्यान्वयन गर्नुपर्छ । सामाजिक भेदभाव हटाउन, दलित जातिको आत्मविश्वास जगाउन र मनोवल वढाउन गैर दलितबाट दलितहरूसँग बस-उठ, आहार-विहारमा उदाहरणीय भूमिका निर्वाह गरी दलित समुदायलाई सामाजिक समावेशीकरण गर्नु पर्छ ।

आफ्नो बालबालिकाहरूलाई विद्यालय नियमित पठाउने अभिकावक तथा विद्यालय नियमित आउने दलित विद्यार्थीलाई पुरस्कारको व्यवस्था गर्नुपर्छ । विपन्न दलित विद्यार्थीलाई पोशाक सहित सम्पूर्ण शैक्षिक सामाग्री उपलब्ध गराउनु पर्छ ।

# सन्दर्भ सामग्री


अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक),“नेपालमा जातीय छुवाछुत-२०५३”, काठमाडौं ।

कोइराला, विद्यानाथ, खडका अञ्जु र खड्का, राजन-२०६४, “नेपालमा रैथाने लोकतान्त्रिक अभ्यास”, काठमाण्डौं नेपाल सिर्जनात्मक अध्ययन केन्द्र ।

कोइराला, विद्यानाथ (२०६४) काठमाण्डौं, “शिक्षाका बैकल्पिक चिन्तनहरु”, काठमाण्डौं सामाजिक अनुसन्धान र सामग्री विकासका लागि प्राज्ञिक मञ्च ।

गौतम, जीतु, २०६०, “काठमाण्डौ. राष्ट्रिय दलित आयोग,

“नेपाल अधिराज्यको संविधान-२०४७”, नेपाल कानुन किताव

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०, “वृहत नेपाली शब्दकोष”, काठमाडौं

महत, पदम बहादुर, २०५५, “सार्की बालबालिकाहरूको प्राथमिक तहको शैक्षिक अवस्थाको हंसपुर गा.वि.स. एक अध्ययन”, कीर्तिपुर  त्रि.वि.वि. ।

बिराटनगर उपमहानगरपालिका, अवधारणा पत्र तथा बालवालिकाको प्रोफाइल-२०६४

विश्वकर्मा, चक्रमान, “विद्यालय र उपेक्षित समुदाय विकासको निमित्त शिक्षा” त्रि.वि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र त्रिपुरेश्वर काठमाडौं

विश्वकर्मा, दीपकजंग र विश्वकर्मा, मीन, २०६०, “नेपालमा दलित समुदायको स्थिति”, राष्ट्रिय दलित आयोग,२०६०

श्री ५ को सरकार शिक्षा मन्त्रालय, “उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन-२०५५”, केशरमहल, काठमाडौं

शर्मा, चिरञ्जीवी, (२०६१) “शिक्षाका आधारहरु”, भोटाहिटी काठमाण्डौं, एम.के. पब्लिसर एण्ड डिस्ट्रिव्युटर

“शिक्षा ऐन २०२८”, सातौं संशोधन, २०५९, नेपाल कानुन किताव

# दलित बालवालिकाको प्राथमिक शिक्षामा सहभागिता

## अनुसूची - १

### प्रधानाध्यापकको लागि प्रश्नावली

**नाम थर :** **उमेर :** **सेवाअवधि :** **योग्यता :**

**विद्यालयको नाम :** **दरबन्दी :**

१. तपाईंको विद्यालयको सेवाक्षेत्र भित्रको विद्यालय नआउने प्रा. वि. तहका दलित बालकालिकाहरू कति छन् ?

२. दलित विद्यार्थीहरूको नियमितता कस्तो छ ?

क) राम्रो ख) ठिकै ग) नराम्रो घ) धेरै नराम्रो ङ) अन्य

३. सबै दलित विद्यार्थीहरूको लागि कापी, कलम, पुस्तक उपलब्ध भएको छ ?

क) सबैको छ ख) केहीको छ ग) धेरैको छैन घ) कसैको छैन

५. उनीहरूको लागि पोशाक समयमा उपलब्ध हुन्छ ?

क) सबैको हुन्छ ख) केहीको हुन्छ ग) धेरैको हुदैन घ) कसैको पनि हुदैन

६. दलित विद्यार्थीलाई विद्यालयमा विषेश प्राथमिकता दिनुहुन्छ ? दिनुहुन्छ भने के के दिनुहुन्छ ?
७. विद्यालयमा दलित विद्यार्थीहरूलाई अन्य विद्यार्थीहरूले कस्तो व्यहार गर्छन ?

क) मित्रवत् ख) हेपाहा ग) वास्ता गर्दैनन घ) अन्य

९ . खानपिन गर्दा अरु विद्यार्थीले कस्तो व्यवहार गर्छन ?

क) समान ख) वास्ता गर्दैनन् ग) असमान घ) अन्य

१०. अभिभावकले आफ्नो छोराछारीको पढाइ प्रति चासो राख्छन् ? राख्छन् भने कसरी ?

११. दलित विद्यार्थीहरूको पढाइ कस्तो छ ?

क) राम्रो ख) ठिकै ग) नराम्रो घ) अन्य

१२. दलित विद्यार्थीहरूको कक्षागत स्थान कस्तो रहेको छ ?

१३ . दलित विद्यार्थीहरूको उपलब्धी स्तर कस्तो रहेको छ ?

क) राम्रो　　ख) ठिकै　　ग) नराम्रो　　घ) अन्य

१४. दलित विद्यार्थीहरू सबैले छात्रवृत्ति पाउँछन् ?

१५. छात्रवृत्ति पर्याप्त छ कि छैन ?

१६. पर्याप्त छैन भने किन ?

१७. छात्रवृत्तिले उनीहरूलाई विद्यालय आउन सहयोग गरेको छ कि छैन ?

१८. छैन भने किन ?

१९. दलित विद्यार्थीहरूको समस्याहरू के के हुन ?

क. ……………………………………………………………………………………

ख. ……………………………………………………………………………………

ग. ……………………………………………………………………………………

घ. ……………………………………………………………………………………

२०. ती समस्या समाधान गर्न के के गर्नु पर्ला ?

क. ……………………………………………………………………………………

ख. ……………………………………………………………………………………

ग. ……………………………………………………………………………………

घ. ……………………………………………………………………………………

……………………
प्रधानाध्यापक

# दलित बालवालिकाको प्राथमिक शिक्षामा सहभागिता

## अनुसूची - २

### शिक्षकको लागि प्रश्नावली

**नाम थर :** **उमेर :** **योग्यता/तालिम**

**अनुभव** **विद्यालयको नाम :**

१. दलित विद्यार्थीहरूको नियमितता कस्तो छ ?

क) राम्रो ख) ठिकै ग) नराम्रो घ) अन्य

२. नियमित छैनन भने नियमित नहुनुको कारण के होला ?

क) आर्थिक अवस्था कमजोर ख) अभिभावकमा चेतना नभएर ग) कापी कलम पुस्तक नभएर घ) पोशाक अनिवार्य भएर

३. उनीहरूको कक्षामा सहभागिता कस्तो छ ?

क) सक्रिय ख) ठीकै ग) निष्क्रिय घ) अन्य

४. अनियमितता हुने दलित विद्यार्थीहरूलाई तपाईं के भन्नु हुन्छ ?

क) सम्झाउँछु ख) केही गर्दिन ग) सचेत गराउँछु घ) दण्ड दिन्छु

५. अन्य विद्यार्थीहरूले दलित विद्यार्थीहरूलाई कस्तो व्यवहार गर्छन ?

क) मित्रवत् ख) नराम्रो ग) वास्ता गर्दैनन् घ) अन्य

६. दलित विद्यार्थीको शैक्षिकस्तर कस्तो छ ?

क) राम्रो ख) ठिकै ग) नराम्रो घ) अन्य

७ नराम्रो भए किन ?

८. दलित विद्यार्थीहरूले नियमित गृहकार्य गर्छन ?

क) गर्छन् ख) कहिलेकाँही गर्छन ग) गर्दैनन् घ) अन्य

९. शिक्षण क्रियाकलापमा बाहेक अन्यमा कस्तो सहभागिता छ ?

१०. दलित विद्यार्थीहरूको शैक्षिक समस्याहरू के के हुन् जस्तो लाग्छ ?

११. ती समस्याहरू समाधानका उपायहरू के के होलान् ?

# दलित बालवालिकाको प्राथमिक शिक्षामा सहभागिता

## अनुसूची -३

### दलित विद्यार्थीको लागि प्रश्न

**नाम थर :** **कक्षा** **रोल नं.** **उमेर**

**विद्यालयको नाम :**

१. तिम्रो दाजुभाइ दिदी बहिनी कति छन् ?

क) दाजुभाइ ............ ख) दिदीबहिनी ..........

२. विद्यालय जाने दाजुभाइ दिदी-बहिनी कति छन् ?

क) दाजुभाइ ............... ख) दिदीबहिनी ..............

३. ६ देखि १० बर्षका कति जना छन् ?

४. तिम्रो बाआमाले पढ्न जान्नु भएको छ ?

क) छ ख) छैन

५. पढ्न जानेको भए कति पढ्नु भएको छ ?

क) बुबाले ............. ख) आमाले ..................

६. तिम्रो बुबा आमा दाजु दिदी के गर्नुहुन्छ ?

बुबा ........ आमा ................ दाजु .................... दिदी ....................

७. तिमीलाई पुग्दो कलम, कापी, किताब छ ?

क) छ ख) छैन

८. घरमा तिमी पढछौ ?

क) धेरै पढ्छु ख) अलिअलि पढ्छु ग) पढ्दिन घ) भ्याँउदिन

९. तिमी विद्यालय दिनहुँ जान्छौ ?

क) जान्छु ख) धैरै जसो जान्छु ग) कहिलेकाँही जान्छु घ) भ्याँउदिन

१०. घरमा तिमीलाई कसैले सिकाउँछन् ? सिकाउँछ भने कसले सिकाउँछ ?

११. शिक्षकले कस्तो व्यवहार गर्नुहुन्छ ?

क) माया गर्नुहुन्छ ख) अरुसरह

ग) विद्यालय छोडुँ जस्तो लाग्छ घ) नराम्रो

१२. तिमीलाई विद्यालयमा जान कत्तिको मन लाग्छ ? लाग्छ भने किन ? लाग्दैन भने किन ?

१३. तिमीलाई पढन जान कसले भनेको ?

क) आमाबाबुले ख) साथीले ग) सरले घ) आफैं

१४. तिमीले छात्रबृत्ति पाएका छौ ? पाएका छौ भने के के पाएका छौ ?

१५. तिमीलाई विद्यालय जान , पढ्न लेख्न के के कठिनाई होलान ?

क. ..........................................................................................................

ख. ..............................................................................................................

ग. ..............................................................................................................

घ. ..................................................................................................

१६. ती समस्याहरू आउन नदिन के के गरिदिए हुन्थ्यो जस्तो लाग्छ ?

क.

ख.

ग.

घ.

# अनुसूची -४

## अभिभावकको लागि प्रश्नावली

नाम : ठेगानाः

पेशा : उमेर

१. तपाईंको परिवार सङ्ख्या कति छ

२. तपाईंको परिवारमा कतिले पढन लेख्न जानेका छन् ?

३ तपाईं के पेशा गर्नु हुन्छ ?

४. तपाईंको आम्दानीले कति महिना खान पुग्छ ?

५. तपाईंले कति पढ्नु भएको छ ?

६. कतिजना छोरा छोरीहरूलाई विद्यालयमा पठाउनु भएको छ ?

७ विद्यालय जाने छोरा छोरीहरू कति-कति बर्षका छन ?

८ तपाईंका छोराछोरी सधैं विद्यालय जान्छन् ? जाँदैनन भने किन ?

९ विद्यालय जान छाडेका पनि छन् ? छन् भने किन छाडेका हुन् ?

७. तपाईको जग्गा जमिन कति छ ?

८. तपाईको घरबाट विद्यालय कति टाढा रहेको छ ?

९. छोरा छोरीलाई घरमा पढ्ने समय कति दिनुहुन्छ ?

१०. तपाईं छोराछोरीलाई समयमा कापी, कलम, किताब, पोशाक उपलब्ध गराउनु हुन्छ ? हुँदैन भने किन ?

११. तपाईं छोराछोरीको पढाइ प्रति शिक्षकसंग चासो राख्नु हुन्छ ? चासो राख्नुहुन्छ भने के केमा चासो राख्नुहुन्छ ?

१२. शिक्षकले तपाईंको छोराछोरीहरूको पढाइ सम्बन्धमा जानकारी दिनुहुन्छ ? हुन्छ भने कसरी ?

१३. छोराछोरी प्रति शिक्षकको व्यवहार कस्तो पाउनु भएको छ ?

१७. तपाईंका सबै छोराछोरीहरूले छात्रबृति पाउँछन् ? पाउँछन् भने के के पाउँछन् ?

१८. छोराछोरीले पाएको छात्रबृति पर्याप्त छ ? छैन भने कति भइदिए जस्तो लाग्छ ?

१४. तपाईंको विचारमा छोराछोरीलाई विद्यालय पठाउन के के समस्याहरू होलान् कीर्तिपुर ?

१५. ती समस्याहरू समाधान गर्न के कस्ता कदमहरू चाल्नु पर्ला ?